मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## वीरगंजमा सेनाको मोटरसाइकल मार्च

**मधेशदृष्टि**
**वीरगंज।**
प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा, नेपाली सेनाले सोमबारदेखि बीरगंजमा मोटरसाइकल मार्च सञ्चालन गरेको छ। चार चक्के गाडी भित्री र साघुरो सडकमा जाने अवस्था नरहेकाले बीरगंजका भित्रि सडक र गलीमा समेत मोटर साईकल मार्च शुरु गरिएको बीरगंज स्थित श्रीजंग गणका गणपति लोकेन्द्र कार्कीले जानकारी दिए।

आगामी चुनावको सुरक्षा अवस्था बुझन र विभिन्न ठाउँको निगरानी गर्न समेत यसले सहयोग पुग्ने कार्कीले बताए। अतिव्यस्त सडक साथै दुर्गम क्षेत्रमा गाडी जान समेत असमर्थ रहने हुनाले तुरुन्त रेस्पोन्सका लागि समेत यो मार्च शुरु गरिएको कार्कीले बताए।

सेनाको यो पहलले निर्वाचन नजिकिँदै गर्दा सुरक्षा र अनुशासन कायम राख्ने कार्यलाई थप बल प्रदान गरेको स्थानिय वासिले बताएका छन।

● वर्ष ४ ● अंक ९४ ● २०८२ साल फागुन ०५ गते मंगलबार ● Tuesday 17, February 2026 ● सूर्योदय: बिहान ०६:४२ बजे ● सूर्यास्त: साँझ ५:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# निर्वाचनको मुखमा मधेशकेन्द्रित नेताहरु किन छिन्नभिन्न ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा मधेशकेन्द्रित राजनीतिक दलहरूभित्र असन्तोष र अस्थिरता बढ्दो देखिएको छ। चुनावी अभियान तीव्र भइरहेका बेला शीर्ष तहका नेताहरू नै पार्टी परित्याग गरी अन्य दलमा प्रवेश गर्ने क्रम बढेको हो।

उम्मेदवारी दर्ताअघि नै राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी तथा नागरिक उन्मुक्ति पार्टीका केही नेताहरूले पार्टी छाडेका थिए। अहिले त उम्मेदवारी दर्ता गरिसकेका व्यक्तिसमेत पार्टी परिवर्तन गरिरहेका छन्।

राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्षसमेत रहेका डा. राजीव झाले धनुषा–३ मा उम्मेदवारी दर्ता गरी प्रचारसमेत सुरु गरिसकेका थिए। तर उनले अचानक पार्टी परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरे। सोही क्षेत्रमा रास्वपाका उम्मेदवार मनीष झालाई समर्थन गर्दै उनले 'मधेशको छोरा' भनेर चिनिने बालेन शाहलाई प्रधानमन्त्री बनाउन सहयोग आवश्यक रहेको तर्क गरेका छन्।

रामुपाबाट टिकट पाउन कसरत गरेका उनले टिकट पाएपछि नै पार्टी त्याग्नु चासोको विषय बनेको छ।

उनले पार्टीमा स्पष्ट मिसन–भिजनको अभाव रहेको आरोप लगाएका छन्।

उम्मेदवारीअघि नै रामुपाका सचिव सञ्जय चौधरी, अनुशासन विभाग प्रमुख सञ्जय सिंहसहित १३ जना नेता पार्टी छाडेर जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका थिए। उनीहरूले रामुपा 'यथास्थितिवादी' बनेको आरोप लगाएका छन्।

रामुपाका अर्का उपाध्यक्ष सुमन सायमि पनि नेपाल कम्युनिस्ट पार्टी प्रवेश गरेका छन्। शनिबार मात्रै जसपा नेपालका शीर्ष नेतामध्ये मनिष मिश्रसहित केदारनन्दन चौधरी, अरविन्द सिंह, रामहरि तिवारी, विणा सिन्हा, मनोज वर्मा र विजय ठाकुरलगायत नेताहरू नेपाली कांग्रेस प्रवेश गरेका छन्। उनीहरूलाई सर्लाहीमा कांग्रेस महामन्त्री गगन थापाले स्वागत गरेका थिए।

उम्मेदवारी दर्ताअघि जसपा नेपालका नेता प्रदीप यादवले पनि पार्टी छाडेर नेपाल कम्युनिस्ट पार्टी (एमाले) प्रवेश गरेका छन्। हाल उनी पर्सा–१ बाट उम्मेदवार बनेका छन्। उनले जसपा नेपालमा चरम गुटबन्दी रहेको आरोप लगाएका छन्।

जनमत पार्टी (अध्यक्ष सीके राउत)बाट पनि केन्द्रीय पदाधिकारीसहित चार नेताले पार्टी परित्याग गरेका छन्। केन्द्रीय कार्यकारिणी सदस्य रानीकुमारी पासवान तथा सदस्यहरू रामेश्वर यादव, जागेश्वर यादव र हरिकिशोर पासवानले पार्टीमा विचार र सिद्धान्त हराएको आरोप लगाएका छन्। जातिवाद र गैरराजनीतिक व्यक्तिको वर्चस्व बढेको उनीहरूको दाबी छ।

यसैबीच जसपाका पूर्वमन्त्री, पूर्वसांसद तथा समानुपातिक उम्मेदवार राजलाल यादव आफ्ना समर्थकसहित रास्वपा प्रवेश गरेका छन्। सिरहामा आयोजित कार्यक्रममा उनको प्रवेशबारे रास्वपाका नेता पुरुषोत्तम यादवले जानकारी दिएका छन्।

चुनाव नजिकिँदै जाँदा मधेशकेन्द्रित दलहरूभित्र देखिएको यो भगदौडलाई कतिपयले रणनीतिक पुनर्संरचना भनेका छन् भने कतिपयले आन्तरिक असन्तोष र नेतृत्व संकटको संकेतका रूपमा लिएका छन्। आगामी निर्वाचन परिणामले यी दलहरूको भविष्य दिशा निर्धारण गर्ने राजनीतिक विश्लेषकहरूको आकलन छ।

# बारा–४ का उम्मेदवारमाथि आक्रमण प्रयासको निन्दा

## दोषीलाई कारबाही गर्न राष्ट्रिय समता पार्टी नेपालको माग

**मधेशदृष्टि**
**बारा।**
राष्ट्रिय समता पार्टी नेपालले बारा जिल्ला निर्वाचन क्षेत्र नं. ४ का उम्मेदवार तथा राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवमाथि भएको कथित आक्रमण प्रयासप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। पार्टीले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष छानबिन गरी संलग्नमाथि तत्काल कानूनी कारबाही गर्न माग गरेको हो।

पार्टीका अनुसार बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १९ स्थित इनरुवा बजारमा चुनावी सम्पर्क कार्यालय उद्घाटन कार्यक्रममा सहभागी हुन जाने क्रममा केही व्यक्तिहरूको समूहले बाटो अवरोध गरी अभद्र व्यवहार गर्दै आक्रमण प्रयास गरेको आरोप लगाइएको छ। विज्ञप्तिमा 'हिन्दू राष्ट्र' सम्बन्धी राजनीतिक धारणा राखेकै कारण योजनाबद्ध रूपमा त्रास सिर्जना गर्न खोजिएको उल्लेख गरिएको छ।

घटनाका क्रममा स्थानीय नागरिकहरू शान्ति र लोकतन्त्रको पक्षमा उभिएपछि सम्भावित अप्रिय अवस्था टरेको पार्टीको दाबी छ। लोकतान्त्रिक व्यवस्थामा विचार र मत फरक हुन सक्ने भएपनि हिंसा, धाकधम्की र आतंकमार्फत राजनीतिक आवाज दबाउने प्रयास कुनै पनि हालतमा स्वीकार्य नहुने स्पष्ट गरिएको छ। पार्टीले यस्तो गतिविधिलाई स्वच्छ र भयरहित निर्वाचन वातावरणमाथिको प्रत्यक्ष आक्रमणको रूपमा व्याख्या गरेको छ।

राष्ट्रिय समता पार्टी नेपालले बारा प्रशासनलाई यथाशीघ्र निष्पक्ष छानबिन गरी घटनामा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउन आग्रह गरेको छ। साथै, उम्मेदवारहरूको सुरक्षाको सुनिश्चितता गर्दै भयरहित वातावरणमा आसन्न निर्वाचन सम्पन्न गराउन राज्यका सम्बन्धित निकायसँग जोडदार माग गरिएको छ।

विज्ञप्तिमा लोकतन्त्रको मूल आत्मा विचारको स्वतन्त्र प्रतिस्पर्धा र मताधिकारको सम्मान भएको उल्लेख गर्दै राजनीतिक असहमति समाधानको माध्यम संवाद र बहस हुनुपर्नेमा जोड दिइएको छ। 'लोकतन्त्रमा असहमतिलाई हिंसाले होइन, तर्क र मतले जवाफ दिनुपर्छ,' पार्टीको भनाइ छ।

महासचिव डा. अभिषेक तिवारीद्वारा हस्ताक्षरित विज्ञप्तिमा निर्वाचनको संवेदनशील घडीमा यस्ता घटनाले समग्र राजनीतिक वातावरणलाई अस्थिर बनाउन सक्ने चेतावनी दिइएको छ। पार्टीले सबै राजनीतिक दल, समर्थक तथा सर्वसाधारणलाई संयमता अपनाउन र शान्तिपूर्ण, मर्यादित चुनावी गतिविधिमा सहभागी हुन अपिल गरेको छ।

बारा–४ मा बढ्दो चुनावी प्रतिस्पर्धाबीच आएको यस घटनाले क्षेत्रको राजनीतिक तापक्रम थप बढाएको छ। अब प्रशासनको कदम र छानबिन प्रक्रियाले नै घटनाको वास्तविकता उजागर गर्ने र आगामी निर्वाचन कत्तिको भयरहित वातावरणमा सम्पन्न हुन्छ भन्ने तय गर्नेछ।

# कचुरीबाट निस्केको परिक्रमाको डोला जनकपुरधाममा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिला मध्यमा परिक्रमा अन्तर्गत धनुषाको कचुरीबाट परिक्रमाको डोला जनकपुरधाम आइपुगेको छ। सोमबार जनकपुरधाममा विश्राम गरेको परिक्रमा डोलासँगै मंगलबा जनकपुरधामको हनुमानगढीबाट विधिवत रुपमा मिथिला मध्यमा परिक्रमा शुरु हुनेछ।

यसअघि धनुषाको मिथिला बिहारी नगरपालिका–८ कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट वैदिक मन्त्र, भजन–कीर्तन र झाँकीसहित डोला जनकपुरधामकालागि प्रस्थान गरेको थियो। डोला प्रस्थान कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित साधुसन्त, विभिन्न मठ–मन्दिरका महन्त र ठूलो संख्यामा श्रद्धालुहरूको उपस्थिति रहेको थियो। 'जय सियाराम'को उद्घोषसँगै डोला मन्दिर परिसरबाट बाहिर निकालिएपछि यात्राले धार्मिक उत्साहका साथ गति लिएको देखिन्थ्यो।

परम्पराअनुसार सहभागीहरूले करिब १३३ किलोमिटरको पैदल यात्रा तय गर्नेछन्। नेपाल र भारतका विभिन्न १५ धार्मिक स्थलमा रात्रि विश्राम गर्दै अघि बढ्ने यो यात्रा आस्था र अनुशासनको अद्वितीय उदाहरण मानिन्छ।

कचुरीबाट निस्किएको टोली पहिलो दिन साँझ जनकपुरधामस्थित हनुमानगढीमा पुगेर विश्राम गर्नेछ। त्यसपछि जनकपुरधामकै सुन्दर सदन मन्दिरबाट किशोरीजी, रामजानकी तथा अन्य मन्दिरका डोलाहरू मुख्य परिक्रमामा समावेश गरिने परम्परा छ। हनुमानगढीमा विशेष पूजा–अर्चनापछि यात्राले पछ्याउँदै धार्मिक स्थलहरूको परिभ्रमण गर्नु नै यसको मूल भाव हो।

धार्मिक अगुवाहरूको विश्वास अनुसार श्रद्धा, संयम र



समर्पणका साथ परिक्रमा गरे पाप क्षय हुने, मनोकामना पूरा हुने तथा मोक्ष प्राप्त हुने जनआस्था रहिआएको छ। यही विश्वास र सांस्कृतिक निरन्तरताले वर्षेनि हजारौँ श्रद्धालुलाई परिक्रमामा सहभागी गराउँदै आएको छ।

औपचारिक रूपमा पूर्णता पाउँदै अगाडि बढ्छ।

इतिहासकारहरूका अनुसार अठारौँ शताब्दीदेखि सञ्चालनमा आएको मानिने यो परिक्रमा मिथिलाको धार्मिक भूगोलसँग गहिरो रूपमा जोडिएको छ। भगवान राम र सीताको पदचिह्न

**जनकपुरधाम–अयोध्या सिधा उडानका लागि पहल गरिने**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामलाई भारतको अयोध्यासँग हवाइमार्गबाट जोड्न पहल गर्ने घोषणा गरेका छन्।

धनुषाको कचुरीस्थित मिथिला मध्यमा परिक्रमाको शुभारम्भ समारोहमा बोल्दै उनले जनकपुरधाम–अयोध्या सिधा उडान सञ्चालनका लागि भारत सरकारसँग आवश्यक संवाद अघि बढाइने प्रतिबद्धता जनाए। धार्मिक र सांस्कृतिक सम्बन्धका आधारमा यी दुई पवित्र स्थलबीच सीधा हवाई सम्पर्क स्थापना भए धार्मिक पर्यटनले उल्लेखनीय फड्को मार्ने उनको विश्वास छ।

मुख्यमन्त्री यादवले जनकपुरधामलाई रामायण सर्किटसँग प्रभावकारी रूपमा जोड्न सके मधेश प्रदेश समग्रमा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास हुन सक्ने धारणा व्यक्त गरे। 'जनकपुरधाम–अयोध्या हवाइ सम्पर्क स्थापित भए धार्मिक पर्यटनले नयाँ उचाइ लिनेछ,' उनले भने।

यस विषयमा संघीय सरकारसँग आवश्यक समन्वय गरिने जानकारी दिँदै उनले प्रक्रिया अघि बढाइने बताए। साथै, जनकपुरधाम विमानस्थलको स्थलगत निरीक्षण गरिसकेको उल्लेख गर्दै धावनमार्ग विस्तार (रनवे एक्सटेन्सन) का सम्भावनाबारे प्राविधिक अध्ययन तथा आवश्यक पहल गरिने स्पष्ट पारे।

पहिलो पटक मिथिला मध्यमा परिक्रमामा सहभागी हुन पाएकोमा गौरव महसुस भएको बताउँदै उनले यस्ता धार्मिक–सांस्कृतिक कार्यक्रमहरूले प्रदेशको पहिचान सुदृढ गर्नुका साथै अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने बताए। जनकपुरधाम–अयोध्या हवाईमार्ग सञ्चालन भए तीर्थयात्री र पर्यटक आगमनमा वृद्धि भई होटल, यातायात तथा सेवा क्षेत्र प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

# गाईलाई आहार खुवाउँदै जुलीद्वारा चुनावी अभियान सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल कम्युनिस्ट पार्टी (एमाले)बाट धनुषा निर्वाचन क्षेत्र नं. ३ की प्रतिनिधिसभा उम्मेदवार जुलीकुमारी महतोले औपचारिक रूपमा चुनावी प्रचार अभियानको प्रारम्भ गरेकी छन्।

उम्मेदवार महतोले जनकपुरधाम–४ स्थित सीताराम गौशालामा पुगेर गौमातालाई आहार खुवाउँदै आफ्नो प्रचार अभियानको शुभारम्भ गरेकी हुन्। धार्मिक आस्था र परम्परासँग जोडिएको स्थानबाट अभियान सुरु गर्नुले सकारात्मक सन्देश जाने विश्वास उनले व्यक्त गरिन्।

गौशालाको अवलोकन गर्दै त्यहाँ रहेका गाईवस्तुलाई आहार प्रदान गरेपछि उनले गौमाताको आशीर्वाद लिँदै आगामी निर्वाचनमा एमालेको जित सुनिश्चित हुने दाबी गरिन्।

निर्वाचन आयोग, नेपालको निर्देशनअनुसार आजदेखि सबै उम्मेदवारहरूले औपचारिक रूपमा प्रचार–प्रसार सुरु गरेका छन्। सोही सन्दर्भमा महतोले पनि जनसम्पर्कलाई तीव्रता दिँदै चुनावी अभियान अघि बढाएकी हुन्।

# सबइन्जिनियर हत्या घटना: जिल्ला अदालतको सेवा अवरुद्ध

**सर्लाही।**
सदरमुकाम मलङ्गवामा आइतबार राति अज्ञात व्यक्तिको गोली प्रहारबाट सब इन्जिनियरको हत्या भएपछि त्यसको विरोधमा सोमबार सर्लाही जिल्ला अदालतका कर्मचारीले सेवा अवरुद्ध गरेका छन्। जिल्ला अदालतको मूल द्वारमा धर्ना दिँदै उनीहरुले हत्याका दोषीलाई कारबाही तथा कर्मचारीको सुरक्षाको 'ग्यारेन्टी' हुनुपर्ने माग राखेका छन्।

पूर्वाधार विकास कार्यालयमा कार्यरत सिरहाको सुखीपुर नगरपालिका–६ वैशाखा घर भएका सब इन्जिनियर ३६ वर्षीय प्रमोदकुमार यादवको आइतबार राति मलङ्गवा नगरपालिका–१० स्थित डेरामा अज्ञात व्यक्तिले गोली प्रहार गरी हत्या गरेका थिए। सब इन्जिनियर यादव आइतबार दिउँसो मात्र बुबाको काजकिरिया सकेर मलङ्गवा फर्किएका सर्लाहीका प्रहरी

बाँकी पृष्ठ २ मा

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय, गितमन्दिर रोड, वीरगंजको

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको पुन: ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिहरुमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा विभिन्न मितिहरुमा मधेशदृष्टि राष्ट्रिय पत्रिकामा (लिलामी सूचना) १५ दिने तथा ७ दिने लिलाम सूचनाहरु प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन मिती २०८२/११/१२ गते मंगलवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा (८ औं दिन बिदा परकौमा त्यसको लग्तै बैंक खुलेको दिन)** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

### तपसिल

**१)ऋणीको नाम, ठेगाना**

**क)** प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री **आशा इटा उद्योग**।

**ख)** प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री **साहु ट्रेडर्स।**

**ग)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स।**

**कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा , ब्यवसायीक आवधिक कर्जा,अल्पकालिन कर्जा,गाडि कर्जा,डिमान्ड कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४ ,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) **५० बर्ष को श्री रामदयाल प्रसाद कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २१९ को जम्मा क्षेत्रफल ०-८-१० को घरजग्गा।

ख)शिवसाह कानुको छोरी ,ढोडासाह कानुको बुहारी ,राम दयाल प्रसाद कानुको पत्नी ,जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का.,पर्सा) **वर्ष ५२ की सुशीला साहको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमश: ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा , जिल्ला पर्सा वनकटवा वडा नं. ५ स्थित रहेको किता नं. १११ , १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमश: ०-०-९-१२.५, ०-१-१७-८ , ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र , जिल्ला पर्सा वनकटवा वडा नं ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।

ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने ( ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा।

घ) महिन्द्रा एण्ड गाडी महिन्द्रा स्वराज गाडि नम्बर **ना ७ त ३४३७** को च्यासिस नं. **MBNAN48AEKTB59285** र ईन्जिन नं. **391359/SAB01227** को ट्रेक्टर।

ङ) POWERTRAC 45 LM गाडी नम्बर **ना ७ त १४५२** को च्यासिस नं. **TO53404984FG** र ईन्जिन नं. **E3454980** को ट्रेक्टर।

च) EICHER गाडी नम्बर **ना ६ त ५६५२** को च्यासिस नं. **925813130681** र ईन्जिन नं. **S325H85294** को ट्रेक्टर।

छ) गाडी नम्बर **प्रदेश २ ०३ ००१ क ११३** को च्यासिस नं. **ECE07611EK023316** र ईन्जिन नं. **E4368TFE3501726** को **ESCORT XTREME BACKHOE LOADER .**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु।**

ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु।**

ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन।**

घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने ( ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता।**

ङ)शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह।**

च)ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी।**

छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ५० बर्ष को **रामदयाल प्रसाद कानु।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं. ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

| | |
|---|---|
| **शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** | **: २०८२ फाल्गुन ११ गते सोमबार दिउँसो ४:०० बजे सम्म** |
| **शिलबन्दी बोलपत्र खोलिने मिति** | **: २०८२ फाल्गुन १२ गते मंगलबार दिउँसो ४:०० बजे देखि।** |
| **बोलपत्र खोलिने स्थान** | **: केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।** |

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज)
बरहथवा(सर्लाही), बर्दिबास (महोतरी)।

# दुर्गा प्रसाईं घरबाटै पक्राउ

**वीरगंज।**
मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई प्रहरीले भक्तपुरस्थित निवासबाटै सोमबार साँझ पक्राउ गरेको छ।
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईंलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँले पुष्टि गरेको छ।
प्रसाईंलाई भद्रकालीस्थित जिल्ला प्रहरी परिसरमा ल्याइएको छ। यसअघि माघ २३ मा पनि पक्राउ परेका प्रसाईं हाजिर जमानीमा छुटेका थिए। त्यसबेला निर्वाचनबारे उनले बोलेका कुरालाई प्रहरीको साइबर ब्यूरोले अनुसन्धानको 'आधार' बनाएर बयान लिएर छाडेको थियो।

# उम्मेदवार हैदरमाथि आक्रमण, पिपुल फ्रष्ट पार्टीद्वारा निन्दा

**मधेशदृष्टि**
**वीरगंज।**
पिपुल फ्रष्ट पार्टीले पर्सा जिल्ला निर्वाचन क्षेत्र नम्बर–१ का उम्मेदवार जावेद एकवाल हैदरमाथि निर्वाचन प्रचार–प्रसारका क्रममा भएको सांघातिक हमलाप्रति आपत्ति जनाएको छ।
पार्टीका संयोजक प्रशान्त सिंहले सोमबार जारी विज्ञप्तिमार्फत उक्त घटनालाई दुर्भाग्यपूर्ण र आपत्तिजनक ठहर गर्दै घोर निन्दा गरेका छन्।
विज्ञप्तिमा निर्वाचन अवधिमा उम्मेदवारमाथि भएको यस्तो हमला निष्पक्ष, तटस्थ र स्वच्छ प्रतिस्पर्धाको वातावरणमाथि गम्भीर प्रश्न उठाउने खालको भएको उल्लेख गरिएको छ। संयोजक सिंहले दोषीहरूको पहिचान गरी आवश्यक खोजी तथा छानबिन गरेर तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन सरकार र सम्बन्धित निकायसँग जोडदार माग गरेका छन्। साथै, घाइते उम्मेदवारको उपचार तथा पूर्ण सुरक्षा सुनिश्चित गर्न पनि पार्टीले आग्रह गरेको छ।
'निर्वाचन अवधिमा उम्मेदवारमाथि हुने यस्ता हिंसात्मक घटनाप्रति हाम्रो पार्टी गम्भीर ध्यानाकर्षण गराउँछ,' विज्ञप्तिमा भनिएको छ, 'यसप्रति संवेदनशील भई आवश्यक कदम चाल्न सरकार र सुरक्षा निकायसँग माग गर्दछौं।' पार्टीले निर्वाचन आयोग, निर्वाचन कार्यालय तथा सुरक्षा निकायलाई घटनामा विशेष ध्यान दिन आग्रह गर्दै उम्मेदवारमाथि हुने कुनै पनि प्रकारको हिंसा लोकतान्त्रिक प्रक्रियामा बाधा पु¥याउने भएकाले यस्ता घटनालाई रोक्न कडा कदम चालिनुपर्ने बताएको छ।

# सबइन्जिनियर हत्या.......

उपरीक्षक योगेन्द्रकुमार खड्काले बताए। उन घरबाट फर्किएलगत्तै घटना भएको देखिएकाले विभिन्न कोणबाट अनुसन्धान भइरहेको उनले जानकारी दिए।
मोटरसाइकलमा आएका व्यक्तिले सब इन्जिनियर यादवलाई कोठाबाहिर बोलाएर गोली प्रहार गरेको मृतककी श्रीमती पुनम यादवले बताइन्। उनको देब्रे छातीमा गोली लागेको प्रहरीले जनाएको छ।
घटनास्थलबाट गोलीको एक खोका बरामद गरिएको छ। प्रारम्भिक अनुसन्धानका आधारमा घटनामा सानो हतियार (पेस्तोल) प्रयोग भएको पाइएको प्रहरी नायव उपरीक्षक सरोज राईले बताए। गोली लागेर ढलेका यादवलाई आइतबार राति नै प्रहरीले उद्धार गरी प्रादेशिक अस्पताल मलङ्गवा पु¥याएको थियो। अस्पताल पु¥याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।
हालसम्म गोली प्रहारको कारण खुल्न नसकेको प्रहरी नायव उपरीक्षक राईले बताए। सब इन्जिनियर यादव श्रीमती र दुई वर्षीया छोरीसँगै मलङ्गवा–१० मा डेरामा बस्दै आएका थिए।

**हत्यारा पक्राउ गर्न माग**

सर्लाहीको मलंगवामा आइतबार साँझ एक जना सब–इञ्जिनियरको गोली हानी हत्या भएपछि जिल्लाभर सनसनी फैलिएको छ। घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कानूनी दायरामा ल्याउन विभिन्न क्षेत्रबाट दबाब बढ्दै गएको छ।
हत्या प्रकरणको विरोधमा सर्लाही जिल्ला अदालतका कर्मचारीहरूले सोमबारदेखि सेवा अवरुद्ध गरेका छन्। उनीहरूले निष्पक्ष, छिटो र प्रभावकारी अनुसन्धानको माग गर्दै दोषीमाथि कडा कारबाही हुनुपर्ने बताएका छन्।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार घटनामा संलग्न व्यक्तिको पहिचानका लागि सिसी क्यामेरामा कैद दृश्यहरू अध्ययनसहित विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ। 'गोली प्रहार गर्नेको पहिचान नजिक पुगेका छौँ, छिट्टै कानूनी दायरामा ल्याउँछौँ,' उनले भने।

**इञ्जिनियर्स एशोसिएसन आक्रोशित**

नेपाल इञ्जिनियर्स एशोसिएसन मधेश प्रदेशले भौतिक पूर्वाधार विकास कार्यालय सर्लाही, मलंगवामा कार्यरत इञ्जिनियर प्रमोद कुमार यादवको गोली हानी हत्या गरिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ।
एशोसिएसनद्वारा जारी प्रेस विज्ञप्तिअनुसार सुखीपुर नगरपालिका–९ निवासी इञ्जिनियर यादवलाई फाल्गुन ३ गते साँझ करिब ७:५० बजे अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको उल्लेख गरिएको छ।
विज्ञप्तिमा उक्त घटनाले सम्पूर्ण इञ्जिनियर तथा प्राविधिक समुदायलाई स्तब्ध र मर्माहत बनाएको जनाइएको छ। एशोसिएसनका प्रदेश सभापति ई. गौरी पण्डित र सचिव ई. अजित कुमार मण्डलद्वारा हस्ताक्षरित विज्ञप्तिमा स्वर्गीय इञ्जिनियर यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गरिएको छ।
साथै, घटनामा संलग्न व्यक्तिहरूलाई यथाशीघ्र पक्राउ गरी कानुनबमोजिम कडा कारबाही गर्न प्रशासनसमक्ष माग गरिएको एशोसिएसनले जनाएको छ।



# जिराभवानी मेलामा चर्को असुलीको आरोप
# तोकिएको दरभन्दा बढी शुल्क लिएको गुनासो

**मधेशदृष्टि**
**वीरगंज ।**
जिराभवानी गाउँपालिकास्थित प्रसिद्ध जिराभवानी मन्दिरमा आयोजित महाशिवरात्रि मेलामा ठेक्का प्रणालीमार्फत कर संकलन गर्दा अत्यधिक शुल्क लिइएको भन्दै व्यापारीहरू असन्तुष्ट बनेका छन् । पालिकाले निर्धारण गरेको दररेटभन्दा धेरै गुणा बढी रकम असुल गरिएको आरोप उनीहरूले सार्वजनिक गरेका हुन् । व्यापारीहरूको भनाइअनुसार गाउँपालिका र ठेकेदार प्रेम ख्वास थारुबीच भएको सम्झौतामा स्टलका लागि प्रतिवर्ग फिट १० रुपैयाँ मात्र लिनुपर्ने उल्लेख छ । तर व्यवहारमा भने प्रतिवर्ग फिट ६० रुपैयाँसम्म उठाइएको दाबी गरिएको छ। यसले साना व्यवसायीहरू मर्कामा परेको उनीहरूको गुनासो छ ।
जिराभवानी गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष राजेश्वर दास थारुले समेत पार्किङ शुल्कमा अनियमितता भएको बताएका छन् । उनका अनुसार पालिकाले मोटरसाइकल पार्किङका लागि २० रुपैयाँ तोकेको भएपनि स्थलमा ५० रुपैयाँसम्म असुल भइरहेको बताइएको छ । यस विषयमा मेला अनुगमन समितिलाई अवगत गराए पनि हालसम्म ठोस कदम नचालिएको उनको भनाइ छ ।



मेलामा व्यवसाय सञ्चालन गरिरहेका व्यापारीहरूले आफूहरू आर्थिक रूपमा दबाबमा परेको बताएका छन् । कालिकामाई गाउँपालिकाबाट आएका बदाम व्यापारी सुरेन्द्र साहले करिब ४० वर्ग फिट क्षेत्रफलमा पसल राख्दा २ हजार ४ सय रुपैयाँ तिर्नुपरेको जानकारी दिए । उनले दैनिक बिक्रीबापत थप ५० रुपैयाँ लिने गरिएको बताए । यस्तै, जिराभवानी गाउँपालिका वडा नं. २ का सन्तोष पासवानले माछा व्यापार गर्दा दैनिक ३०० रुपैयाँ कर तिर्नुपरेको र त्यसबाहेक आधा किलो माछा समेत दिनुपर्ने अवस्था रहेको आरोप लगाए । जबकि आधिकारिक दरअनुसार माछा पसलबाट दैनिक ५० रुपैयाँ मात्र लिने व्यवस्था रहेको बताइन्छ ।
ठेकेदार प्रेम ख्वास थारुले भने मोटरसाइकल पार्किङमा ५० रुपैयाँ लिएको स्वीकार गरेका छन् ।
अन्य स्थानका मेला तथा कार्यक्रममा पनि सोही दर प्रचलनमा रहेको भन्दै आफूले त्यही अनुसार रकम उठाएको उनको तर्क छ । जग्गा शुल्कका विषयमा भने मुख्य सडक र भित्री सडकको आधारमा फरक–फरक दर निर्धारण गरिएको उनले स्पष्ट पारे । जिराभवानी मेला अनुगमन समितिका सचिव ऋषि हाजराले पालिकाले तोकेको शुल्कभन्दा बढी नलिन ठेकेदारलाई मौखिक तथा लिखित निर्देशन दिइसकिएको बताए ।
यदि निर्देशन कार्यान्वयन नभए आवश्यक कारबाही अघि बढाइने चेतावनीसमेत उनले दिएका छन् । महाशिवरात्रिको अवसरमा हजारौं भक्तजन तथा आगन्तुकहरू सहभागी हुने यस मेलामा कर असुली सम्बन्धी विवाद चुलिँदा स्थानीय प्रशासन र सम्बन्धित पक्षबीच थप छलफलको आवश्यकता देखिएको छ । व्यापारीहरूले पारदर्शी व्यवस्था र तोकिएको दरको कडाइका साथ कार्यान्वयन हुनुपर्ने माग गरेका छन् । अब पालिका र अनुगमन समितिको कदमले मेला व्यवस्थापनमा देखिएको विवाद समाधानतर्फ जान्छ कि जाँदैन भन्ने चासो स्थानीयस्तरमा बढेको छ ।

# निर्वाचनलाई पारदर्शी बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्णः मुख्यमन्त्री




धनुषा ।
मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएको छ ।
नेपाल प्रेस युनियन मधेस प्रदेश कार्यसमितिद्वारा जनकपुरमा आयोजित 'निर्वाचन विशेष अभियान २०८२' मधेस प्रदेशस्तरीय रणनीतिक बैठकलाई सोमबार सम्बोधन गर्दै नेपाली कांग्रेसका मधेस प्रदेश सभापति समेत रहनुभएका यादवले लोकतन्त्र सुदृढीकरणका लागि तथ्यपरक, सन्तुलित र जिम्मेवार पत्रकारितामा जोड दिँदै गलत सूचना र भ्रामक प्रचारप्रति सचेत रहन सञ्चारकर्मीहरूलाई आग्रह गरेका छन ।
उनले मधेस प्रदेशमा विकास, सुशासन र सामाजिक सद्भाव कायम गर्न सरकार प्रतिबद्ध रहेको दोहो¥याउँदै जनताको विश्वास जित्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै निर्वाचनका बेला सत्य र प्रमाणमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने बताए ।
उनले पत्रकारहरूको पेसागत सुरक्षा र हकहित संरक्षणमा सङ्गठन प्रतिबद्ध रहेको धारणा व्यक्त गरेका छन। प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो, त्यसको रक्षा गर्दै जनतालाई सही सूचना दिनु हाम्रो दायित्व हो उनले भनेका छन । बैठकमा प्रदेशका सञ्चारकर्मी, युनियनका पदाधिकारी तथा राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।रासस

# आमाको नामबाट नागरिकता वितरण प्रक्रिया अघि बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने प्रक्रिया अघि बढाएको छ ।
कार्यालयले २०८२ मंसिर ४ गते जिम्मेवारी तोकिएको सम्बन्धमा पत्र जारी गर्दै सहायक प्रमुख जिल्ला अधिकारी तथा प्रशासकीय अधिकृतलाई नागरिकता जारी गर्ने कार्य अघि बढाउन अनुरोध गरेको हो ।
पत्रमा नेपाल नागरिकता ऐन, २०६३ (दोस्रो संशोधन) र नेपाल नागरिकता नियमावली, २०६३ (चौथो संशोधन) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट निर्णय भइसकेको उल्लेख छ । सो निर्णयअनुसार सम्बन्धित अधिकारीलाई नागरिकता कार्डमा दस्तखत गरी नागरिकता जारी गर्न आग्रह गरिएको छ ।
प्रमुख जिल्ला अधिकारी भोला दहालद्वारा हस्ताक्षरित उक्त पत्रको बोधार्थ गृह मन्त्रालय (नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा), सिंहदरबार, काठमाडौंलाई पठाइएको छ ।
यस निर्णयसँगै पर्सामा आमाको नामबाट नागरिकता प्राप्त गर्ने प्रक्रिया औपचारिक रूपमा कार्यान्वयनमा जाने अपेक्षा गरिएको छ ।

# हरपुरमा चौधरीको घरदैलो मतदातासँग प्रत्यक्ष संवाद

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पर्सा निर्वाचन क्षेत्र नम्बर–२ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मनोज चौधरीले सोमबार चुनावी कार्यक्रमअन्तर्गत घरदैलो तथा जनता दर्शन अभियानलाई निरन्तरता दिएका छन् । यस क्रममा उनले पर्सागढी नगरपालिका–८, हरपुरमा घरदैलो कार्यक्रम सम्पन्न गरेका हुन् ।



घरदैलोका क्रममा उम्मेदवार चौधरीले मतदातासँग प्रत्यक्ष संवाद गर्दै पार्टीको नीति तथा कार्यक्रमबारे जानकारी गराए। आफूलाई नयाँ अनुहार र स्वच्छ छविको उम्मेदवारका रूपमा प्रस्तुत गर्दै उनले मतदातासँग समर्थनको अपिल गरे । मतदातासँग कुराकानी गर्दै चौधरीले यसपटकको निर्वाचनमा जनतालाई भ्रममा पार्ने प्रयास भइरहेको दाबी गर्दै मतदातालाई सचेत रहन आग्रह गरे ।
उनले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मजदुर तथा सर्वहारा वर्गको पार्टी भएको उल्लेख गर्दै देशलाई वर्तमान अवस्थामा पु¥याउने शक्तिहरूप्रति मतदाता सजग हुनुपर्ने बताए । कार्यक्रममा पार्टीका नेता नगेन्द्र चौधरी, रामचन्द्र साह, किशोरी कुशवाहा, बृजलाल पासवान, शेख चाँदतारा, दुर्गा क्षेत्री, जीवनराम, टेकनारायण महतो, सन्तोष साह, दीपेन्द्र सिंह पटेल लगायतको उपस्थिति रहेको थियो ।

# बगही–इनरवामा रास्वपाको घरदैलो उत्साहजनक
# ५८ जना प्रवेशसँगै कानुको अभियान थप सशक्त



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पर्सा निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार सुशील कुमार कानुले वीरगञ्ज महानगरपालिका–२८ अन्तर्गत बगही र इनरवा टोलमा सोमबार घरदैलो अभियान सञ्चालन गर्दै मतदातासँग प्रत्यक्ष संवाद गरेका छन् । घरदैलो र त्यसपछिको पार्टी प्रवेश कार्यक्रमले उक्त क्षेत्रमा रास्वपाप्रति बढ्दो आकर्षण संकेत गरेको स्थानीयहरूको भनाइ छ ।
घरदैलोका क्रममा कानुले दलित समुदाय लक्षित स्वास्थ्य सेवा सुदृढीकरण, शिक्षामा सहज पहुँच र स्थायी रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वमा सरकार बनेमा जनताको जीवनस्तर उकास्ने ठोस कार्यक्रम कार्यान्वयन गरिने उनको दाबी थियो ।
उनले विकास, रोजगारी, शिक्षा र कृषिलाई आफ्नो मुख्य एजेन्डा रहेको स्पष्ट पार्दै हालै सार्वजनिक गरिएको 'जनतासँगको करार पत्र' अनुसार निर्वाचित भएको पाँच वर्षसम्म निरन्तर काम गर्ने प्रतिबद्धता जनाए । 'जनताको आवश्यकता र चाहनाअनुसार नीति तथा कार्यक्रम निर्माण गरी व्यवहारमै देखिने विकास गर्ने हाम्रो लक्ष्य हो,' कानुले भने । उनले समावेशी विकास र सामाजिक न्यायप्रति पार्टीको दृढ अडान दोहो¥याउँदै सबै वर्ग, समुदाय र क्षेत्रको हकहित सुरक्षित गर्ने प्रतिवद्धता व्यक्त गरे ।
घरदैलो अभियानका क्रममा स्थानीय बासिन्दाले बेरोजगारी, शिक्षा–स्वास्थ्य सेवाको पहुँच र कृषिमा देखिएको समस्या उठाएका थिए । कानुले ती मुद्दालाई आफ्नो प्राथमिक कार्यसूचीमा राख्ने आश्वासन दिएका छन् । उनका अनुसार युवालाई सीपमूलक तालिम र उद्यमशीलता प्रवद्र्धनमार्फत स्वरोजगार बनाउने योजना अघि सारिनेछ ।
घरदैलो कार्यक्रमपछि आयोजित विशेष पार्टी प्रवेश कार्यक्रममा भने उल्लेख्य राजनीतिक हलचल देखियो । विभिन्न दल परित्याग गर्दै ५८ जना स्थानीय नेता तथा कार्यकर्ताले रास्वपामा प्रवेश गरेका छन् । नेकपा (एमाले) का दलित नेता शिसम् महारा सहित नेपाली काँग्रेस, जसपा नेपाल र आजपा लगायतका दलबाट आएका नवप्रवेशीहरूलाई उम्मेदवार कानुले अबिर र पार्टीको खादा लगाएर स्वागत गरेका थिए ।
नवप्रवेशीहरूले परम्परागत दलहरूले जनअपेक्षाअनुसार काम गर्न नसकेको निष्कर्ष निकाल्दै नयाँ राजनीतिक संस्कार र पारदर्शी नेतृत्वको खोजीमा रास्वपा रोजेको बताएका छन् । उनीहरूले घण्टी छापमा मतदान गरी रास्वपालाई विजयी गराउने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।
बगही र इनरवा टोलमा भएको व्यापक पार्टी प्रवेशलाई स्थानीय विश्लेषकहरूले रास्वपाको संगठन विस्तार र जनाधार मजबुत बन्दै गएको संकेतका रूपमा लिएका छन् । प्रत्यक्ष संवाद, स्पष्ट एजेन्डा र नयाँ राजनीतिक संस्कारको सन्देशले कानुको अभियान थप प्रभावकारी बन्दै गएको समर्थकहरूको दाबी छ ।
पर्सा–२ मा चुनावी प्रतिस्पर्धा तीव्र बन्दै जाँदा रास्वपाको सक्रियता र संगठन विस्तारले राजनीतिक समीकरणमा नयाँ ऊर्जा थपिएको देखिन्छ । अब मतदाताको निर्णयले यस अभियानलाई कत्तिको समर्थन मिल्छ भन्ने टुंगो लगाउनेछ ।

# नगवामा एमालेको सम्पर्क कार्यालय स्थापना, यादवद्वारा उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले वीरगंज महानगरपालिका–१६ नगवामा चुनाव प्रचार–प्रसार तथा सम्पर्क कार्यालय स्थापना गरेको छ । आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सङ्गठन सुदृढीकरण र जनसम्पर्क विस्तार गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको कार्यालयको उद्घाटन एमालेबाट पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप यादवले रिबन काटेर गरेका हुन् ।
कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व मन्त्रीसमेत रहेका यादवले कार्यालय उद्घाटनलाई वडा स्तरीय जनसम्पर्क अभियानको सुरुवातका रूपमा व्याख्या गरे । उनले एमाले वीरगञ्जलाई समृद्ध, सफा, सुन्दर र बस्न योग्य सहर बनाउने लक्ष्यमा दृढ रहेको बताए । 'शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय बनाउने, युवाहरूलाई रोजगारी र उद्यमशीलताको अवसर सिर्जना गर्ने, सडक, बिजुली, खानेपानीजस्ता आधारभूत पूर्वाधार विकासलाई प्राथमिकता दिनेछौँ । समग्र वीरगञ्जलाई औद्योगिक केन्द्रसँगै पर्यटकीय हब बनाउने हाम्रो मुख्य चुनावी एजेन्डा हो,' उनले भने ।
यादवले आफ्नो विगतको सार्वजनिक सेवाको स्मरण गर्दै वीरगंजवासीका लागि गरेको कामको चर्चा पनि गरे । 'सांसद र मन्त्रीको जिम्मेवारी सम्हाल्दा जनताको सेवामा सुधारका उल्लेखनीय काम गरेको छु । अनुभवका आधारमा अब वीरगंजको समग्र विकासलाई नयाँ उचाइमा पु¥याउनेछु,' उनले थपे । उद्घाटन कार्यक्रममा पूर्व सांसद प्रभु हजरा, निर्मला देवकोटा, क्षेत्रीय संयोजक मानदेव हजरा, सुन्दर कुर्मी, रामबाबु पासवान, अरुण यादव, भुसाल चौरसिया लगायतको उपस्थिति रहेको थियो ।
कार्यालय उद्घाटनसँगै एमालेले वीरगंज–१६ सहित सहरका विभिन्न वडाहरूमा जनसम्पर्क तथा सङ्गठन विस्तार अभियानलाई तीव्रता दिने जनाएको छ । कार्यालयलाई पार्टीका उम्मेदवार तथा कार्यकर्ताहरूको नियमित सम्पर्क केन्द्रका रूपमा सञ्चालन गरिने बताइएको छ ।
यसैबीच सोमबार बिहान वीरगंज–१८ सौराहामा तय गरिएको प्रदीप यादवको घरदैलो कार्यक्रम स्थानीय बलिस्टर यादवको निधनका कारण स्थगित गरिएको क्षेत्रीय कमिटीले जनाएको छ । साथै, पार्टीका नेताहरू स्वर्गीय यादवको अन्त्येष्टि कार्यक्रममा सहभागी हुने एमालेले जानकारी दिएको छ ।

# प्रसौनीमा रास्वपाका ५० जना एमालेमा प्रवेश




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. ३ को जगरनाथपुर गाउँपालिका वडा नं. ६ पर्सौनी बहुवरीमा सोमबार एमालेको पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राहुल चतुर्वेदीको नेतृत्वमा ५० जना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) परित्याग गरी एमालेमा प्रवेश गरेका छन् ।
कार्यक्रमको अवसरमा एमालेले वडा स्तरमै आफ्नो संगठन थप मजबुत बनाउँदै क्षेत्रीय सम्पर्क कार्यालयको उद्घाटन पनि गरेको छ । कार्यक्रममा एमाले नेता प्रभु हजरा, प्रदेश सभा सदस्य प्रमोद जयसवाल, प्रह्लाद गिरी लगायतका प्रभावशाली नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिती रहेको थियो ।
वक्ताहरूले एमाले उम्मेदवार रुपेश पाण्डेयलाई क्षेत्र नं. ३ को विकास गर्ने सक्षम र इमानदार उम्मेदवारको रूपमा प्रस्तुत गर्दै जनताको हितमा निरन्तर काम गर्ने प्रतिबद्धता रहेको बताए । उनीहरूले रुपेश पाण्डेयले बोलेको कुरा पूरा गर्ने, जनताको पक्षमा सोच्ने र विकास निर्माणमा निरन्तर लाग्ने सशक्त उम्मेदवारको रूपमा चित्रण गर्दै उनलाई विजयी गराउने दायित्व अब क्षेत्रका जनताकै भएको बताए ।

## सम्पादकीय

# त्रासको विष: जनताको सार्वभौम अधिकारमाथिको धावा

बिहानीको उज्यालोसँगै मधेशबाट सुनिने गोलीका आवाजहरूले लोकतन्त्रको मुटुमा प्रहार गरिरहेका छन् । निर्वाचनको संघारमा उम्मेदवारमाथि हुने सांघातिक आक्रमण र राष्ट्रसेवक कर्मचारीको निर्मम हत्याले सुरक्षा व्यवस्थाको फितलोपन मात्र होइन, बरु निर्वाचनलाई नै धरापमा पार्ने गम्भीर षड्यन्त्रको संकेत गरेको छ । शान्तिपूर्ण रूपमा जनमत संग्रह गर्ने वातावरणमा त्रासको विष घोल्नु भनेको सिधै जनताको सार्वभौम अधिकारमाथिको धावा हो।

यस्ता घटनाहरूका पछाडि ’अदृश्य शक्ति’ को संलग्नता रहेको आशंकालाई नजरअन्दाज गर्न सकिँदैन। जब–जब मुलुक राजनीतिक निकासको दिशामा अघि बढ्छ, तब–तब आपराधिक समूह वा लोकतन्त्र विरोधी तत्वहरू सक्रिय हुनु संयोग मात्र हुन सक्दैन। निर्वाचनलाई बिथोल्न खोज्ने, मतदातामा भय पैदा गर्ने र राज्य संयन्त्रलाई कमजोर देखाउने उद्देश्यले सञ्चालित यस्ता अदृश्य हातहरूले मधेशको संवेदनशीलतालाई आफ्नो स्वार्थको गोटी बनाउन खोजिरहेका छन्।

खुला सिमाना र कमजोर सुरक्षा निगरानीको फाइदा उठाउँदै हुने यस्ता आपराधिक कृत्यहरूले निर्वाचनको स्वच्छतामा प्रश्न उठाएका छन्। एउटा उम्मेदवार सुरक्षित छैन र एउटा कर्मचारीले कार्यथलोमा ज्यान गुमाउनुपर्छ भने सामान्य नागरिकले कसरी ढुक्क भएर मतदान केन्द्रसम्म जाने साहस गर्लान् ? राज्यले यस्ता घटनालाई ’फाट्टफुट्ट’ भन्दै पन्छाउनुको सट्टा यसको जरासम्म पुगेर ती अदृश्य शक्तिहरूको पर्दाफास गर्न जरुरी छ।

सुरक्षा निकायको भूमिका केवल घटना घटेपछि पुग्नेमा मात्र सीमित हुनु हुँदैन। गुप्तचरी संयन्त्रलाई चुस्त बनाउँदै सम्भावित जोखिमको पूर्वानुमान गर्नु आजको आवश्यकता हो । निर्वाचन आयोग र सरकारले ’विशेष सुरक्षा योजना’ केवल कागजमा मात्र सीमित नराखी भुइँतहमा महसुस गराउनुपर्छ। अपराधीको कुनै दल वा धर्म हुँदैन, त्यसैले राजनीतिक आवरणमा यस्ता हिंसालाई प्रश्रय दिने जो कोहीलाई पनि कडा कानुनी दायरामा ल्याउनै पर्छ।

अन्ततः, गोलीको आवाजले मतपत्रको शक्तिलाई दबाउन सक्नु हुँदैन। हिंसाको छायाले लोकतन्त्रको उत्सवलाई धमिलो बनाउनु अगावै राज्यले आफ्नो दह्रो उपस्थिति देखाउनुपर्छ । नागरिकहरू पनि सचेत भई डराउनुको सट्टा मतदानको माध्यमबाट यस्ता हिंसात्मक प्रवृत्तिलाई जवाफ दिन तयार हुनुपर्छ। शान्ति बिनाको निर्वाचनले न नेतृत्वलाई वैधता दिन्छ, न त मुलुकलाई स्थिरता नै।

# मतदाता परिचयपत्रमा पति–पत्नीको नाम फरक परे के गर्ने ?

गनी अन्सारी/बीबीसी

निर्वाचन आयोगले काठमाण्डूस्थित आफ्नो कल सेन्टरमा मङ्गलवार दिउँसोसम्म विभिन्न विषयमा १ हजार ८ सय भन्दा बढी प्रश्न तथा जिज्ञासा सोधिएको जनाएको छ। सर्वसाधारण मानिसले सोधेका त्यस्ता जिज्ञासा मतदाता नामावली, निर्वाचन आचारसंहिता, मतदाता शिक्षालगायतका विषयमा हुने गरेका आयोगका सहायक प्रवक्ता कुलबहादुर जीसी बीबीसीलाई बताए। उनका अनुसार आयोगको कल सेन्टरमा दैनिक औसतमा ५० वटा प्रश्न, जिज्ञासा र गुनासा टिप्ने गरिएको छ । कल सेन्टरलाई प्राप्त प्रश्न तथा जिज्ञासाका प्रकृति हेर्दा मतदाता शिक्षामा थप जोड दिनुपर्ने आवश्यकता देखिएको एक पूर्वप्रमुख निर्वाचन आयुक्तले बीबीसीसँग औँल्याए।

आयोगले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको आसन्न निर्वाचनलक्षित कल सेन्टर काठमाण्डूस्थित मुख्यालयमा माघ ५ गतेबाट सञ्चालनमा ल्याएको हो । निर्वाचन अवधिभरि उक्त कल सेन्टर सञ्चालन हुने अधिकारीहरूले बताएका छन्।

अधिकांश जिज्ञासा मतदाता नामावलीसँग सम्बन्धित

आसन्न निर्वाचनबारे कुनै पनि जिज्ञासा वा प्रश्न भएमा निःशुल्क टोल फ्री नम्बर ११०२ मा सबैले फोन गर्न पाउने व्यवस्था निर्वाचन आयोगले मिलाएको छ।

माघ २० गते दिउँसोसम्म कुल १ हजार ८ सय १५ वटा प्रश्न तथा जिज्ञासा प्राप्त भएको सहायक प्रवक्ता जीसीले बताए।

उनका अनुसार सर्वसाधारण मानिसहरूले कल सेन्टरमा राख्ने धेरैजसो प्रश्न एवं जिज्ञासा मतदाता नामावलीसम्बन्धी हुने गरेका पाइएको छ। ‘उदाहरणका लागि, माघ १९ गते ५४ वटा जिज्ञासा टिपाइएकामा ३२ वटा मतदाता नामावलीसँग सम्बन्धित रहेको पाइयो । बाँकी पाँचवटा आचारसंहिता, एउटा चाहिँ मतदाता शिक्षासम्बन्धी र १६ वटा अन्य विषयका थिए,’ बीबीसी न्यूज नेपालीसँग उनले भने।

अर्को निर्वाचन क्षेत्रबाट मतदान गर्न पाइन्छ वा पाइँदैन, मतदाता परिचयपत्र कहाँबाट कसरी लिन सकिन्छ, मृतक व्यक्तिको नाम मतदाता नामावलीमा रहेको सन्दर्भमा आयोगले सम्भावित दुरुपयोग कसरी रोक्छ भन्ने जस्ता प्रश्नहरू आयोगलाई सोधिएको छ । कल सेन्टरलाई सोधिएका केही प्रतिनिधि प्रश्न र आयोगले दिने गरेको उत्तर यहाँ प्रस्तुत गरिएको छ।

प्रश्नः निर्वाचनको दिन सार्वजनिक बिदा हुन्छ ?

उत्तरः यस विषयमा निर्णय भइसकेको छैन । निर्वाचन आयोगका आधिकारिक सूचना हेर्दै गर्नुहोला।

**प्रश्नः अहिले नयाँ दल दर्ता गर्न पाइन्छ कि पाइँदैन ?**

उत्तरः नयाँ दल दर्ता गर्न पाइन्छ, तर अहिले दर्ता भएको दलले आसन्न प्रतिनिधिसभा निर्वाचन, २०८२ मा भाग लिन भने पाइँदैन। प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने समय पूरा भइसक्यो।

प्रश्नः मृतकहरूका नाम मतदाता नामावलीबाट हटाइएको छ कि छैन ?

उत्तरः तोकिएको मितिसम्म मृत्यु भएका स्थानीय तहमा मृत्युदर्ता गराएका व्यक्तिहरूको नाम मतदाता नामावलीबाट हटाइसकिएको छ।

प्रश्नः फौजदारी अभियोग लागेर कैद भुक्तान गरेका व्यक्तिले समेत उम्मेदवारी दिएको पाइयो । यसमा आयोगले के गर्छ ?

उत्तरः यस विषयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा यथाशीघ्र उजुरी र गुनासो गर्नुहोला । निर्वाचन अधिकृतको कार्यालयले छानबिन गर्छ र कानुनअनुसार अयोग्य रहेको देखिएमा निजको उम्मेदवारी खारेज हुन्छ।

प्रश्नः मतदाता परिचयपत्रमा पति–पत्नीको नाम फरक परेको छ । संशोधन गर्न मिल्छ कि मिल्दैन ?

उत्तरः मिल्छ, तर हाल निर्वाचन घोषणा भइसकेको हुँदा हाल यो सेवा बन्द छ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न भएपश्चात् मात्र यो सेवा फेरि सुरु हुन्छ। यसका लागि तपाईँले दुवै जनाको नागरिकताको प्रमाणपत्र र विवाहदर्ताको प्रमाणपत्रसहित जिल्ला निर्वाचन कार्यालयमा निवेदन पेस गर्नुपर्छ।

प्रश्नः मतदानको दिन सवारीसाधन चल्छ कि चल्दैन ?

उत्तरः मतदानको दिन अनुमति प्राप्त गरेका बाहेक अन्य सवारीसाधन चल्दैनन् । यस विषयमा आयोगले केही थप निर्णय गरेमा पछि जानकारी पाउनुहुने छ।

**प्रश्नः लोकसेवा आयोगको परीक्षा सर्छ कि सर्दैन ?**

उत्तरः निर्वाचन आचारसंहिताले लोकसेवा आयोगले लिने परीक्षा सञ्चालनमा रोक नलगाएको हुँदा वार्षिक कार्यतालिकाअनुसार नियमित रुपमा सञ्चालन हुने लोकसेवा आयोगका परीक्षाहरू निर्वाचनका कारणले सर्दैनन् । कर्मचारी निर्वाचनमा खटिनुपर्ने, सवारीसाधन नचल्ने र परीक्षार्थीलाई कठिनाइ हुने हुँदा मतदानको दिन र सो आसपासका परीक्षाहरू भने सञ्चालन नहुन सक्छन् । यस विषयमा लोकसेवा आयोगका सम्बन्धित सूचनाहरू समेत हेर्नुहोला।

प्रश्नः म्यादी प्रहरीमा भर्ना भएका व्यक्तिले मतदानका लागि बिदामा जान मिल्छ कि मिल्दैन ?

उत्तरः यस पटकदेखि म्यादी प्रहरीलाई ’निर्वाचन प्रहरी’ नामकरण गरिएको छ । निर्वाचन सुरक्षाको विशिष्ट जिम्मेवारी निर्वाह गर्न निर्वाचन प्रहरीको व्यवस्था गरिएको हो । सामान्यतया निर्वाचन प्रहरीले मतदानको दिन मतदान केन्द्र र आसपासका क्षेत्रमा सुरक्षा प्रदान गर्नुपर्ने भएकाले उक्त दिन मतदानका लागि आफ्नो मतदान केन्द्रमा जानका निम्ति बिदा उपलब्ध हुँदैन।

**सम्बोधन गर्ने प्रक्रिया**

कल सेन्टरको टोल फ्री नम्बरबाट प्रश्न लिएपछि कर्मचारीहरूले तुरुन्तै दिन सकिने उत्तर त्यति बेला नै र परामर्श गरेर दिनुपर्ने भए त्यो गरेर दिने गरिएको निर्वाचन आयोगले जनाएको छ।

‘बारम्बार सोधिने खालका र उहाँहरूले तत्काल दिन सक्ने जबाफ तुरुन्तै दिनुहुन्छ । नभए आयोगका सम्बन्धित शाखा, महाशाखाका कर्मचारीसँग जानकारी लिएर पछि कल ब्याक गर्नुहुन्छ,’ सहायक प्रवक्ता जीसीले भने।

कतिपय प्रश्नको उत्तर माथिल्लो तहमा छलफल गरेर दिने गरेको पनि उनले बताए।

सर्वसाधारण मानिसका जिज्ञासा तथा प्रश्नहरू कल सेन्टरमा पुग्न थालेपछि आयोगलाई सीधै प्रश्न सोधिने क्रम रोकिएको जीसीले बताए।

‘त्यो भएर अरू कर्मचारीहरूलाई आआफ्नो काम गर्न थप सजिलो भएको छ,’ उनले भने।

यद्यपि आयोगस्थित अधिकारीहरूका अनुसार कतिपय टेलिफोनकर्ताबाट असम्बन्धित प्रश्नहरू पनि आउने गर्छन्।

**प्रश्नले उब्जाएको प्रश्न**

कल सेन्टरमा सोधिने गरेका धेरै प्रश्नहरू सामान्य प्रकृतिकै देखिएको जानकारहरू बताउँछन्।

‘यसले मतदाता शिक्षा अझै पर्याप्त भएन देखाउँछ,’ भूतपूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले बीबीसी न्यूज नेपालीसँग भने।

‘जेनरेशन ग्याप’ पुस्तान्तरण देखियो। पुराना भोटरहरूलाई थाहा छ । नयाँ पुस्ताका मतदातालाई चुनावसम्बन्धी धेरै कुरा थाहा भएन ।’ विगतका चुनावमा सहरी क्षेत्रमै बदर भएका मतको प्रतिशतलाई लिएर प्रश्न उठ्दै आएका छन्।

मतदाता शिक्षामा राज्यले थप बल पु¥याउन आवश्यक रहेको उनको तर्क छ । ‘निर्वाचनका विविध पक्षबारे राज्यको तर्फबाट पर्याप्त अभियान चलाइएको देख्दिनँ म,’ श्रेष्ठले भने । मतदाता शिक्षाको क्षेत्रमा राज्यका विभिन्न संयन्त्रदेखि सञ्चारमाध्यमहरूको व्यापक परिचालन गर्नुपर्नेमा उनको जोड छ।

कल सेन्टरकै सन्दर्भमा पर्याप्त जनशक्ति र स्रोतसाधन नभएको पूर्वप्रमुख निर्वाचन आयुक्त श्रेष्ठको ठम्याइ छ।

‘कम्तीमा ५०–६० वटा कम्प्युटर र जनशक्ति राखेर कल सेन्टर सञ्चालन गर्नुपर्छ । देखाउनका लागि मात्र गर्नुभएन,’ उनले अगाडि थपे।

बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालनमा रहने आयोगको कल सेन्टरमा छवटा काउन्टर छन् भने १० जना कार्यरत रहेका छन्।

**भोट दिन जाँदा मतदाताले के गर्न पाउँछन्**

नै राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारको मतचिह्न झल्कने ट्याटू शरीरमा खोपिएको छ भने मतदानको दिन त्यसलाई प्रदर्शन गर्न नपाइने आचारसंहितामा उल्लेख छ।

मतदानस्थलमा मोबाइल फोन वा क्यामरा पनि लैजान पाइँदैन।

के तपाईँलाई लाग्छ निर्वाचन आचारसंहिता भनेको केवल राजनीतिक दल, उम्मेदवार वा अन्य सरकारी अधिकारीहरूलाई मात्र हो ? त्यसो हो भने सावधान रहनुहोस्, यो आचारसंहिताले सर्वसाधारण मतदातालाई पनि जिम्मेवार बनाउन खोजेको छ र त्यसको उल्लङ्घन गरे कारबाही भोग्नुपर्ने हुन सक्छ ।निर्वाचनलाई स्वच्छ, शान्तिपूर्ण तथा स्वतन्त्र बनाउन आचारसंहिताले हरेक पक्षलाई जिम्मेवार बनाउने कोसिस गरिरहेको निर्वाचन आयोगले बताएको छ।

‘यसै सिलसिलामा मतदाताहरूका निम्ति पनि पालना गर्नुपर्ने आचरण तोकिएको छ । यसले सबैलाई जिम्मेवार बनाउन मद्दत गर्छ भन्ने आयोगलाई लागेको छ,’ आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने।

निर्वाचन आयोगका पूर्वआयुक्त रामभक्त पीबी ठाकुर मतदाताहरू ज्यादा सजग र सचेत बनून् भन्ने ध्येयले यस्ता विषय आयोगले आचारसंहितामा राख्ने गरेको बताउँछन्।

सबै आसन्न निर्वाचनका निम्ति निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको परिच्छेद ५ दफा २१ मा मतदाताहरूले पालना गर्नुपर्ने आचरण उल्लेख छ।

**मतदाताले पालना गर्नुपर्ने आचरण यस्ता छन्:**

मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान नहुने

मतदान गर्न जाँदा कुनै नसालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने

मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुटो अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने

मतदान गर्न जाँदा दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अङ्कित कपडा, टी–शर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेस्ट, लोगो, ब्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने

मतदान गर्न जाँदा मतदाताको शरीरको कुनै भागमा बनाइएको उम्मेदवारको फोटो, दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अङ्कित ट्याटू प्रदर्शन गर्न नहुने

कसैको पक्ष वा विपक्षमा एसएमएस, सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने।

पालना नगरे कारबाही हुन सक्छ

माथि उल्लिखित आचरणबाहेक मतदाताले मतदान गर्न जाँदा विचार गर्नुपर्ने अन्य विषय पनि रहेको आयोगका सूचना अधिकारी घिमिरेले बताए।

खास गरी मतदानका निम्ति आवश्यक कागजपत्र बोक्नुपर्छ।

‘पुराना मतदाताको हकमा मतदाता परिचयपत्र चाहिन्छ । यसपालि नयाँ थपिएका मतदाताहरूका निम्ति मतदाता परिचयपत्र बनाउने क्रममै हामी छौँ । त्यो काम सकिएमा मतदानको दुई दिनअगाडि सम्बन्धित मतदान केन्द्रबाटै तिनलाई बाँडिने छ,’ उनले भने।

मतदाता परिचयपत्र उपलब्ध गराउन सहज नभए मतदानको दिनभन्दा केही पहिले निर्वाचन आयोगले निर्णय गरेर त्यसबारे व्यवस्था गर्न सक्छ।

मतदाताहरूले आचरण पालना नगरे कस्तो कारबाही हुन्छ ? निर्वाचन आयोगले मतदाताले गोपनीयता भङ्ग गर्ने काम गरेमा १५ हजार रुपैयाँसम्म जरिबाना गराउन सक्ने उल्लेख गरेको छ।

‘कुनै मतदाताले आचारसंहिता उल्लङ्घन गरेको भनेर उजुरी परेमा आयोगले छलफल गरेर कारबाही गर्नु पर्ने वा नपर्ने, वा स्पष्टीकरण सोध्नुपर्ने वा सचेत गराउनु पर्ने भन्ने निर्णय गर्छ,’ घिमिरेले भने।

आयोगको केन्द्रीय आचारसंहिता अनुगमन समितिका अनुसार उसकहाँ हालसम्म ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जवाफ प्राप्त भएको छ । आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेद्वार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको उसले जनाएको छ।

तर आचारसंहितालाई आयोगले केवल कारबाहीको दृष्टिकोणले मात्र पनि नहेरेको घिमिरेले बताए।

‘आचारसंहिता सबैले पालना गर्नु पर्छ भन्ने जानकारी दिन पनि आयोगले खोजेको छ । यो सातादेखि मतदाता शिक्षाका निम्ति हरेक वडामा स्वयंसेवक परिचालित भएका छन् । उनीहरू देशैभरका वडा अनि बस्तीहरूमा पुग्छन् र त्यहाँ मानिसहरूलाई आचार संहिताबारे पनि बताउने छन्।’

आयोगका अनुसार फागुन ३ देखि १७ गतेसम्म देशभरका ७ सय ५३ स्थानीय तहका ६ हजार ७ सय ४३ वडाहरूमा एक–एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन हुने छन्। तथा त्यसरी खटिएका स्वयंसेवकले आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमुना मतपत्रको माध्यमवाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउने आयोगले जनाएको छ।

मतदाताहरूको सहजताका निम्ति मतदानको दिन गर्भवती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी, तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) मतदाताले लाइनमा नबसी प्राथमिकताका आधारमा मतदान गर्न पाउँछन्।

# मिथिला माध्यमिकी परिक्रमा आजदेखि

वासुदेव पौडेल/रासस

महाशिवरात्रि पर्व सम्पन्न भएसँगै मिथिला माध्यमिकी परिक्रमा आज सुरु भएको छ। पन्ध्र दिने धार्मिक यात्रा सुरु भएसँगै महोत्तरीमा यात्रीको स्वागतको तयारी थालिएको छ। यस यात्राका यात्री आउने बिहीबार मटिहानीबाट महोत्तरी प्रवेश गर्नेछन्।

यात्राको चौथो दिन महोत्तरी प्रवेश गर्ने यात्री क्रमशः मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित यस जिल्लामा पाँच रात बिताउनेछन्। यात्रा सुरु भएसँगै महोत्तरीका यी रात्रि विश्रामस्थल रहेका ठाउँमा यात्रीको बासस्थान, खाना, प्राथमिक उपचार र सुरक्षा प्रबन्धका लागि स्थानीयतह, मठमन्दिर व्यवस्थापन र स्थानीय प्रहरी प्रशासनले तयारी थालेका छन्।

‘यसपालि निर्वाचन अभियानको बीचमै माध्यमिकी परिक्रमा यात्रा परेको छ, यसलाई व्यवस्थित र सुरक्षित गर्न सम्बद्ध स्थानीयतह, मठमन्दिर व्यवस्थापन र अन्य सरोकारवालासँग समन्वय गरिँदैछ,’ प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव भन्नुहुन्छ, ’यात्रीले कुनै असजिलो झेल्नु नपरोस् भन्नेतर्फ सबैले ध्यान पु¥याउन आवश्यक छ।’

यस क्रममा चौथो दिनको रात्रि विश्रामस्थल रहेको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले यात्रीका सुविधालाई प्राथमिकतामा राखेर समुचित प्रबन्ध गरिने बताउनुभएको छ । यसैगरी, पाँचाँ दिनको विश्रामस्थल रहेको जलेश्वर नगरपालिका, छैटौँ दिनको मडै विश्रामस्थलका लागि महोत्तरी गाउँपालिका, सातौँ दिनको ध्रुवकुण्ड विश्रामस्थलका लागि बलवा नगरपालिका र आठौँ दिनको विश्रामस्थल कञ्चनवनका भङ्गाहा नगरपालिकाले आवश्यक समन्वय भइरहेका छन्।

आठौँ दिनको विश्रामस्थल कञ्चनवनमा दिउँसो होली महोत्सव मनाइने परम्परासमेत छ । ‘हामीले यात्रीको सुविधाका पक्षसँगै होली महोत्सव भव्य र सुसभ्य बनाउन अहिलेदेखि नै तयारी थालेका छौँ,’ भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साह भन्नुहुन्छ, ‘यसका लागि सम्बद्ध सबै पक्षसँग समन्वय गरिरहेका छौँ।’

फागुन औँसीदेखि पूर्णिमासम्मको १५ दिने यो धार्मिक यात्रामा महोत्तरी, धनुषा र भारतको मधुवनी जिल्लाका समेत १५ ठाउँमा रात्रिबासको परम्परा छ । धनुषाको मिथिलाविहारी नगरपालिका–८ कचुरीस्थित मिथिलाविहारी मन्दिरबाट श्रीरामको प्रतिमा डोला (डोली) मा बोकेर यात्रा सुरु गरिने परम्परा छ।

कचुरीबाट मिथिलाविहारी अर्थात् श्रीरामको डोला यात्रामा जनकपुरस्थित अग्निकुण्ड मठबाट सीताजीको प्रतिमा अर्को डोलामा बोकेर साथ लगाइएपछि माध्यमिकी परिक्रमा विधिवत् सुरु भएको मानिन्छ । आज मध्याह्न सुरु भएको यो यात्रा जनकपुरधामस्थित मठमन्दिरको परिक्रमा गर्दै धनुषाकै हनुमानगढीमा पुगेर यात्री रात्रिबास गर्नेछन्। यात्रामा नेपाल भारतका साधुसन्त र सर्वसाधारण सहभागी रहेका कचुरीस्थित मिथिलाविहारी मन्दिरका महन्थ रामनरेश शरणले जानकारी दिनुभयो।

मिथिला माध्यमिकी परिक्रमा फागुन शुक्लपक्षभरि धार्मिक उत्सवका रुपमा मनाइन्छ । मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहित १३३ किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिबास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने परम्परा छ। जय सीयाराम नाम सङ्कीर्तन गाउँदै गरिने यो यात्रालाई साधुसन्तले अलौकिक भन्ने गरेका छन् । यस यात्रामा महोत्तरी र धनुषासमेत नेपालतर्फ १०७ र भारततर्फ २६ किलोमिटर दूरी तय गरिन्छ।

मिथिलाविहारी (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलहरुको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्राको पहिलो दिनको बास धनुषाको हनुमानगढीमा गरिने परम्परा छ। यसपछि धनुषामा क्रमशः नवौँ दिन पर्वता, १०औँ दिन धनुषाधाम, ११औँ दिन सतोखरधाम, १२औँ दिन औरही र अन्तिमरात अर्थात् १५औँ दिनको बास जनकपुरस्थित रङ्गशाला (बाह्रबिघा) मैदानसहित ६ रात्रि विश्रामको परम्परा छ।

यसैगरी, भारतको मधुवनी जिल्लामा दोस्रो दिन कल्याणेश्वर (कलना), तेस्रो दिन गिरिजास्थान, १३औँ दिन करुणा र १४औँ दिन बिसौलमा रात्रिबासको परम्परा छ । त्रेतायुगमा श्रीराम र सीताजी विवाहपछि तत्कालीन मिथिलाका विभिन्न ठाउँमा विहार गर्दै भ्रमण गर्नुभएको सम्झनामा उहाँहरुको पदचाप पछ्याउँदै यो १५ दिने मिथिला माध्यमिकी परिक्रमाको परम्परा चलेको महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ मैथिल संस्कृतिका ज्ञाता डा रवीन्द्र दास वैष्णव बताउनुहुन्छ।

‘उहाँहरु (श्रीराम र सीताजी) हिँड्नुभएको बाटोको माटो स्पर्शले मोक्ष मिल्ने विश्वास गरिन्छ,’ डा वैष्णव भन्नुहुन्छ, ‘त्यसैले साधुसन्तले यसलाई अलौकिक यात्रा भन्ने गरेका छन्।’

यात्रा अवधिभरि सांसारिक दुःख बिर्सेर श्रीराम र सीताजीमै आपूmलाई समर्पित गरिने हुँदा यो यात्रा अलौकिक भन्ने गरिएको उहाँको कथन छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलिका दहनको धुरा उडाएर (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउनेछन् । यो यात्रामा त्रेतायुगका श्रीराम र सीताजीसँगै सत्ययुगका दानव राजा हिरण्यकशिपु संहारको कथा समेटिएको मिथिला संस्कृतिका अर्का ज्ञाता जलेश्वर–५ पतैलीका बासिन्दा अवकाश प्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ।

नेपाल र भारतका हजारौँ साधुसन्त सहभागी हुने यो यात्रालाई मिथिलाको महाकुम्भ पनि भनिन्छ । यो धार्मिक परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपत्कालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा सम्बन्धित स्थानीय तह, मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसंस्था र व्यक्तिहरुले आपसी समन्वयमा प्रबन्ध गर्ने गरेका छन् । माध्यमिकी परिक्रमाको संयोजन स्थानीयतह, सामाजिक सङ्घसंस्था र विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले गर्दै आएको छ। रासस

# महिला, ज्येष्ठ नागरिक र अशक्त मतदातालाई सहज वातावरण बनाऔँ



**काठमाडौं ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आसन्न निर्वाचनमा महिला, ज्येष्ठ नागरिक र शारीरिक रूपले अशक्त मतदातालाई सहजतापूर्वक मतदान गर्ने वातावरण मिलाउन आवश्यक रहेको बताएकी छन् ।

सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब)ले आयोजना गरेको 'समाज रूपान्तरणका लागि नागरिक समाजको सुदृढीकरण' विषयक छलफलमा उनले निर्वाचनलाई महिला तथा अशक्त नागरिकमैत्री बनाउनुपर्नेमा जोड दिएकी हुन् ।

मन्त्री श्रेष्ठले आधा जनसङ्ख्या भएको महिला मतदातालाई सहज रूपमा मत हाल्ने अवस्था सिर्जना गराउन सबैले भूमिका खेल्नुपर्ने बताइन् । उनले भनें, महिला र ज्येष्ठ नागरिकले सहज रूपमा मत हाल्ने वातावरण मिलाउन हामी सबैले प्रयत्न गर्नुपर्छ । साथै निर्वाचनमा बालबालिकालाई प्रयोग गर्नु कानुनविपरीत भएकाले त्यस्ता घटनाको नियमन जरूरी छ ।

मन्त्री श्रेष्ठले निर्वाचनकै लागि भनेर विभिन्न १० वटा मातृभाषामा सार्वजनिक सूचना तयार गरेर प्रसारण भइरहेको जानकारी दिइन् । अकोराबका निर्देशक शिरोमणि ढुङ्गानाले आगामी निर्वाचनमा जनस्तरसम्म पुगेर निर्वाचन शिक्षा दिन आवश्यक रहेको बताउँदै अकोराबले मतदाताको पहुँच विकास गर्न आफ्नो भूमिका निर्वाह गर्दै आएको बताए ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का महासचिव राजु घिमिरेले विगतको निर्वाचनमा पनि बालबालिकालाई राजनीतिक पार्टीले चुनाव प्रचारमा प्रयोग गरेर कानुनविपरीत काम गर्दै आएको अनुभव सुनाउदै हालको चुनावमा समेत यस्ता गतिविधि भइरहेको बताए । उनले अघिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनमा बालबालिकालाई चुनावमा प्रयोग गरिएकाले निर्वाचन आयोगमा २१४ उजुरी परेको जानकारी दिँदै यसपटक 'बालबालिका प्रयोग नगरौँ, बालबालिका शान्ति क्षेत्र हुन्' भन्दै सन्देशमूलक अभियान सञ्चालिन गरिएको बताए ।

प्रयत्न नेपालका अध्यक्ष सरिता लामिछाने दृष्टिविहीन र शारीरिक रूपमा अशक्त मतदाताले सुरक्षित साथ मतदान गर्ने अवस्था बनाउन लाग्नुपर्ने बताए । निर्वाचन आयोगलाई मतदानस्थलमा सहज पहुँच बढाउन पहलका लागि उनले आग्रह गरे । रासस

# मतपत्र छपाइ अन्तिम चरणमाः जनक शिक्षा सामग्री केन्द्र



**भक्तपुर ।**
प्रतिनिधिसभाको निर्वाचनका लागि मतपत्र सोमबार छपाइ अन्तिम चरणमा पुगेको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले छपाइ बाँकी रहेका पाँच लाख मतपत्र सोमबार दिनभरमा छपाइ सम्पन्न हुने जनाएको छ ।

केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मतपत्र छपाइ सोमबार सम्पन्न हुने जानकारी दिँदै बागमती प्रदेशका लागि बाँकी पाँच लाख मतपत्र सोमबार साँझसम्म सम्पन्न हुने जानकारी दिए । उनले भने, प्रत्यतर्फको मतपत्र छपाइ अन्तिम चरणमा पुगेको छ । प्रत्यक्ष तर्फका दुई करोड तीन लाख मतपत्र छपाइ गर्नुपर्नेमा बाँकी रहेको पाँच लाख मतपत्र छपाइ सोमबार सक्दछौँ, ४२ दिनको कार्यतालिका लिएर मतपत्र छपाइ सुरु गरेका थियौँ ,सोमबार ४० दिनमै सकिँदैछ । सोमबार छपाइ सम्पन्न पछि मंगलबार सम्ममा सबै मतपत्र 'प्याकिङ' सकरे बाँकी जिल्लामा ढुवानी हुने उनले जानकारी दिए ।

दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गरी लक्ष्यभन्दा अगाडि नै मतपत्र छपाइ गरिएको बताउँदै उनले केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुर्याइसकेको बताए । उनले दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी प्याकिङ सम्पन्न गरी जिल्ला जिल्ला पठाउनेकार्य भइरहेको जानकारी दिए ।

केन्द्रका प्रबन्ध सञ्चालक पौडेलले कर्णाली र सुदुरपश्चिममा सबै मतपत्र पुगिसकेको र बाँकी क्षेत्रमा पनि १२ गतेसम्म पुर्याउने लक्ष्यका साथ काम भइरहेको जानकारी दिए । रासस

# निर्वाचन आचारसंहिता उल्लङ्घन गर्नेलाई आयोगको स्पष्टीकरण



**काठमाडौँ ।**
केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म ६६ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकामा ३२ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ । आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिए । जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिना उल्लङ्घन विरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ । प्राप्त भएका ३२ जवाफको अध्ययन भइरहेको कानुन अधिकृत जोशीले बताए ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उनले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाइ कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक÷कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रुपमा भइरहेको कानुन अधिकृत जोशीले बताए । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको छ । रासस

# बैङ्किङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुन्छः कावा आयुक्त



**काठमाडौँ ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैंकिङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने बताएका छन् । सोमबार आयोगमा आयोजित बैंकरहरूसँगको छलफलमा उनले हात, हातमा पैसा लिएर चुनावमा खर्च गर्न नपाइने व्यवस्था गरिएको बताए । यसकै लागि आयोगले छुट्टै निर्देशिका बनाएको जानकारी उनले दिए । जसअनुसार राजनीतिक दल र उम्मेदवारले चुनावमा खर्च गर्न छुट्टै बैंक खाता खोल्ने व्यवस्था आयोगले गरेको छ ।

निर्वाचनमा भाग लिने दल र उम्मेदवारले पहिलेका चुनावमा बैंक खातामार्फत खर्च गर्नुपर्ने अनिवार्य गरिएको थिएन । यस वर्षदेखि भने दल र उम्मेदवारले निर्वाचन खर्च अनिवार्य बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था लागू गरेको हो । 'भूगोलअनुसार उम्मेदवारले २५ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ, उम्मेदवारको खाताबाट पैसा कता जान्छ भन्ने अनुगमन पनि यसपटक हुन्छ, आर्थिक अनुशासनका लागि यो व्यवस्था गरिएको हो', कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने ।

आयोगका सचिव कृष्णबहादुर राउतले कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैंक खाता खोलिसक्दा सुगम जिल्लाका धेरै उम्मेदवारले अझै खाता नखोलेको बताए । ७५३ वटै स्थानीय तहमा कुनै न कुनै बैंकको उपस्थिति रहेकाले खाता खोल्न यति असहज हुनु नपर्ने उनको भनाइ थियो । दल र उम्मेदवारले २५ हजार रुपैयाँभन्दा धेरै रकम बैंक खाताबाट लिने र खर्च गर्नुपर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवारमध्ये हालसम्म ६७१ जनाले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगको प्रणालीमा सूचना प्राप्त भएको जानकारी दिए । नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले कतिपय उम्मेदवारको राष्ट्रिय परिचयपत्र नभएकै कारण खाता खोल्न नसकेको जानकारी दिए । राजनीतिक दल र उम्मेदवारले खर्च गर्ने संयन्त्र के हुने भन्ने पनि प्रष्ट पारिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले निर्वाचन खर्च सकिएर बाँकी रहेको पैसा के गर्ने ? भनी जिज्ञासा राखेका थिए । यस विषयमा आयोगले पछि निर्णय गर्ने जनाएको छ ।

आयोगले यसपटक गरेको यो व्यवस्थाले सम्पत्ति शुद्धीकरण र नेपाललाई 'ग्रे लिष्ट'बाट हटाउनका लागि पनि सहयोग गर्ने विश्वास लिइएको छ । आगामी निर्वाचनहरूमा यो व्यवस्थालाई अझै परिष्कृत गर्दै लैजानुपर्नेमा जोड दिइएको थियो । रासस

# पर्यटन बोर्ड र जापानबीच पर्यटन सहकार्यमा समझदारी



**काठमाडौं ।**
नेपाल र जापानबीच पर्यटन कूटनीतिलाई सुदृढ बनाउने उद्देश्यले नेपाल पर्यटन बोर्ड र जापानको वाकायामा प्रिफेक्चरबीच पर्यटन सहकार्यसम्बन्धी समझदारीपत्र (एमओयु)मा हस्ताक्षर भएको छ ।

सोमबार भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजित कार्यक्रममा दुवै पक्षले संयुक्त प्रवर्द्धन, ज्ञान आदान–प्रदान तथा दिगो पर्यटन विकासका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् । समझदारीपत्रमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी र वाकायामा प्रिफेक्चरका गभर्नर इजुमी मियाजाकीले हस्ताक्षर गरेका छन् ।

यस समझदारीले संयुक्त पर्यटन प्रवर्द्धन तथा मार्केटिङ, पर्यटनसम्बन्धी सूचना र उत्कृष्ट अभ्यासको आदानप्रदान, विज्ञ तथा अधिकारीहरूको भ्रमण आदानप्रदान, सञ्चार तथा जनसम्पर्क सहकार्य र सांस्कृतिक रूपमा सम्मानजनक तथा दिगो पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिने जनाइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले जापानदेखि गभर्नर नेतृत्वको टोलीको नेपाल भ्रमण स्वागतयोग्य कदम रहेको उल्लेख गर्दै नेपाल–जापान कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षका सन्दर्भमा भएको यो सहकार्य दिगो र उत्तरदायी पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण हुने धारणा व्यक्त गरे । दुवै देशले सांस्कृतिक विषयलाई उच्च महत्त्व दिएका छन् । ७० वर्षे कूटनीतिक सम्बन्धको सन्दर्भमा भएको यो सहकार्यले दिगो पर्यटनलाई बलियो आधार प्रदान गर्नेछ उनले भने ।

त्यसैगरी मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपाल–जापानबीचको दीर्घकालीन सम्बन्ध स्मरण गर्दै यस समझदारीलाई पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक कदमका रूपमा व्याख्या गरे । नेपाल र जापानबीच लामो समयदेखिको सम्बन्ध छ । हिमालयको देश तथा भगवान् बुद्धको जन्मस्थल नेपालका लागि बजार विविधीकरणका लागि यो समझदारी यो उपयुक्त समय हो उनले भने ।

वाकायामा प्रिफेक्चरका गभर्नर इजुमी मियाजाकीले इतिहास र संस्कृतिले समृद्ध नेपालसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे । इतिहास र संस्कृतिले समृद्ध नेपालसँग समझदारी गर्न पाउँदा हामी खुसी छौँ । यस समझदारीले नेपाल र वाकायामाबीच पर्यटन प्रवर्द्धन थप सुदृढ हुने विश्वास लिएको छु उनले भने ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जापानलाई नेपालको महत्त्वपूर्ण पर्यटन स्रोत बजारमध्ये एकका रूपमा उल्लेख गर्दै पछिल्लो समय जापानी पर्यटक आगमनमा करिब आठ प्रतिशत वृद्धि भएको जानकारी दिए । समझदारी हस्ताक्षरको मितिदेखि लागू भई आपसी समझदारीका आधारमा कार्यान्वयन गरिने उल्लेख गरिएको छ ।

सहकार्यसम्बन्धी गतिविधिको समन्वयका लागि दुवै पक्षले सम्पर्क विन्दु तोक्ने तथा खर्च आ–आफ्नै रूपमा व्यहोर्ने व्यवस्था गरिएको छ । कानुनी रूपमा बाध्यकारी नभए पनि पारस्परिक सद्भाव र विश्वासमा आधारित यो समझदारीले सात दशक लामो नेपाल–जापान सम्बन्धलाई पर्यटनमार्फत थप सुदृढ बनाउने विश्वास गरिएको छ । रासस

# म्यान्मारलाई सहायता रकम हस्तान्तरण

**काठमाडौँ ।**
नेपाल सरकारले गत मार्चको शक्तिशाली भूकम्पबाट क्षतिग्रस्त म्यान्मारका दुई धार्मिक सम्पदास्थलको पुनर्निर्माणका लागि म्यान्मार सरकारलाई तीन लाख ५० हजार अमेरिकी डलर प्रदान गरेको छ ।

म्यान्मारका लागि नेपालका राजदूत हरिश्चन्द्र घिमिरेले म्यान्मारको मण्डले सहरको दक्षिण–पश्चिम क्षेत्रमा अवस्थित महामुनी पगोडा परिसरमा हालै आयोजित समारोहमा पगोडाका महासचिव थान उनलाई तीन लाख अमेरिकी डलरको चेक हस्तान्तरण गरेको याङ्गुनस्थित नेपालको राजदूतावासले जनाएको छ ।

साथै उनले गङ्गाघाट हिन्दू मन्दिरको पुनर्निर्माणका लागि ५० हजार अमेरिकी डलरको चेक उक्त मन्दिरका अध्यक्ष पवन बजोरियालाई हस्तान्तरण गरे । गङ्गाघाट मन्दिर म्यान्मारमा बसोबास गर्ने नेपाली समुदायको महत्वपूर्ण धार्मिकस्थल हो ।

साझा धार्मिक सम्पदाको संरक्षण तथा प्राकृतिक विपत्तिबाट प्रभावित सांस्कृतिक महत्वका स्थलहरूको पुनःस्थापनामा सहयोग गर्ने नेपाल सरकारको प्रतिबद्धता झल्काउने उक्त दूतावासले जारी गरेको विज्ञप्तिमा जनाइको छ । रासस

# देश बनाउनेलाई मतदान गर्नुस्ः लिङ्देन

**झापा ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले देश बनाउने व्यक्तिलाई मतदान गर्न आग्रह गरेका छन् । सोमबार देखि सुरु भएको घरदैलो अभियानअन्तर्गत झापा क्षेत्र नं ३ स्थित हल्दिबारीमा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले देश बनाउने र बचाउने व्यक्तिलाई मतदान गर्न आग्रह गरेका छन ।

देश अहिले सङ्कटमा छ, देश रहन्छ कि रहँदैन अध्यक्ष लिङ्देनले भने देश बचाउने हो भने सामाजिक सञ्जालबाट प्रभावित भएर भोट दिने होइन विवेक प्रयोग गरेर देश बनाउनेलाई दिनुहोस् । उनले यस क्षेत्रमा उल्लेखनीय विकास भए पनि अझै धेरै काम गर्न बाँकी रहेको र भविष्यमा त्यो पूरा गर्ने मतदातालाई आश्वासन दिए ।

सो क्षेत्रमा १७ जना उम्मेदवार चुनावी मैदानमा छन् । यस क्षेत्रमा २८ वटा वडाका एक लाख ४० हजार ८५७ मतदाता छन् । यस निर्वाचन क्षेत्रअन्तर्गत कचनवल गाउँपालिकाका १ देखि ७ सम्म सबै, हल्दिबारीका १ देखि ५ सम्म सबै र बाह्रदशी गाउँपालिकाका सबै वडाहरु पर्दछन् । रासस

# सुन्तला बेचेर रु. २० लाख आम्दानी



**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ दोसल्लेका किसान विकास श्रेष्ठले यस वर्ष रु २० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन । १५ रोपनी क्षेत्रफलमा व्यावसायिक सुन्तलाखेती गर्नुभएका श्रेष्ठले म्याग्दीमा सबैभन्दा पछाडि सुन्तला टिपेर बजार पठाउँदा सामान्य अवस्थाको तुलनामा दोब्बर बढी मूल्यमा बिक्री गरेका हुन् ।

श्रेष्ठले सञ्चालन गरेको अन्नपूर्ण फलफूल तथा तरकारी फार्मबाट प्रतिकिलोग्राम रु दुई सयका दरले काठमाडौँबाट आएका व्यापारीले सुन्तला खरिद गरेर लगेका हुन् । म्याग्दीमा पुस महिनामा प्रतिकिलो रु ७० का दरले सुन्तला बिक्री भएको थियो ।

माघ लागेदेखि बढ्न सुरु भएको सुन्तलाको मूल्य फागुन २ गतेसम्म प्रतिकिलो रु दुई सयसम्म परेको हो श्रेष्ठले भने गत वर्षको तुलनामा यसपाली उत्पादन ४० प्रतिशतले घटेपनि मूल्य राम्रो पाउँदा आम्दानीमा असर परेन् । उनले गत वर्ष सरदर प्रतिकिलो रु एक सयका दरले रु १५ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका थिए । श्रेष्ठको बगैँचामा रहेका ७०० मध्ये हाल ३०० बोटमा यसपाली फल लागेको थियो । श्रेष्ठले आफ्नो बाहेक अन्य किसानको थप रु एक करोड ३० लाखको सुन्तला पनि बिक्रीको व्यवस्था मिलाएका छन । दोसल्लेका ४२ घरपरिवार किसानले यस वर्ष रु दुई करोड मूल्य बराबरको सुन्तला बिक्री गरेका दोसल्ले सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेम पाइजाले जानकारी दिए ।

बेनीमा पोल्टी र घरजग्गा व्यवसाय गर्दै आउनु भएका विकासले विसं २०७६ मा सोखका लागि गाउँमा घर बनाएर बस्नका लागि किनेको दोसल्ले गाउँको शिरमा रहेको जङ्गलछेउको भिरालो पाखोबारी अहिले हराभरा भएको छ । पाखोबारीलाई घेराबार गर्ने, गरा बनाउने, खाडल खनेर सुन्तलाका बिरुवा लगाउने, गोडमेल, मलजल गर्न, संरचना बनाउन र जग्गा खरिदसहित फार्ममा रु तीन करोड ५० लाख लगानी भएको श्रेष्ठले बताए । कृषिबाट यति राम्रो कमाइ होला भनेर सोचेको थिइन्, गर्न सकेमा हुँदोरहेछ भन्ने मैले महसुस र अनुभव गरेँ, उनले भने थप जमिन खरिद गरेर फार्म विस्तार गर्दैछु ।

उनको फार्ममा तीन जनाले नियमित रोजगारी पाएका छन् । सुन्तलाखेतीसँगै उक्त फार्ममा लोकल र बोइलर जातका कुखुरा पनि पालिएको छ । सुन्तलाका लागि कुखुराको सुलीको मल उपयोगी हुने श्रेष्ठको अनुभव छ । कृषि फार्मका लागि सरकारी निकायबाट हालसम्म अनुदान नलिएको श्रेष्ठले बताए ।

काठमाडाँैको बल्खुका व्यापारीसँग सिधैँ सम्पर्क गरेर सुन्तला पठाउन थालेपछि उचित मूल्य पाएको र बजार सुनिश्चित भएको उनले बताए । घरजग्गा व्यापार छाडेर कृषि व्यवसायमा लागेका श्रेष्ठले बेनीमा दाना र चल्लाको व्यापार गर्ने जलेश्वर पोल्ट्री फर्म सञ्चालनको जिम्मा छोरा आदेशलाई जिम्मा लगाएको छ । अवसर, सुविधा र रोजगारीका लागि विदेश र सहर पस्ने क्रम बढिरहेको अवस्थामा बजारबाट गाउँ गएर कृषि व्यवसाय गरेका श्रेष्ठ किसानका लागि उदाहरणको पात्र बन्नुभएको दोसल्लेका अगुवा किसान खगवीर पाइजाले बताए ।

उनले (विकास)ले बाँझिएको जग्गालाई सदुपयोग मात्र गर्नुभएको छैन, पाइजाले भने गाउँमा सुन्तला खेतीका लागि नयाँ प्रविधि भित्र्याउनुभएको छ । उनको सिको गरेर बजार झरेका गाउँ फर्किएर सुन्तलाखेती गरेका छन् ।

सुन्तला खेतीका लागि जग्गा किन्न आउनेहरु बढेका र खेतबारीको भाउ पनि बढेको पाइजाले बताए । विकासको सुन्तला बगैँचा अवलोकनका लागि बेनी र आसपासका ठाउँबाट किसान तथा व्यवसायी आउने गरेका छन् । उक्त बगैँचाबाट पृष्ठभूमिमा निलगिरि र धौलागिरि हिमाल देखिन्छ । बगैँचाकोबीच भागमा पाहुना र आफू बस्नका लागि घर बनाएका श्रेष्ठको फार्मलाई कृषि पर्यटनसँग जोड्ने योजना छ । समुन्द्री सतहदेखि एक हजार पाँच सय मिटर उचाइमा रहेको दोसल्लेका किसानले सुन्तला खेतीलाई मुख्य आयस्रोत बनाएका छन् । रासस

# प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोनबीच भेटवार्ता हुने



**नयाँदिल्ली ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन बिच मङ्गलबार मुम्बईमा भेटवार्ता भई भारत–फ्रान्स इनोभेसन वर्ष २०२६ को सयुक्त उद्घाटन गर्ने जनाइएको छ । राष्ट्रपति इमानुएल म्याक्रोन फेब्रुअरी १७–१९ सम्म भारतको आधिकारिक भ्रमणमा रहने तथा प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतले आयोजना गरेको “एआई इम्प्याक्ट” शिखर सम्मेलनमा भाग लिनेसमेत जनाइएको छ ।

फेब्रुअरी–१७ दिउँसो ३ः१५ बजे उनीहरुले मुम्बईको लोक भवनमा द्विपक्षीय छलफल गर्ने आधिकारिक विज्ञप्तिमा उल्लेख छ । सोही क्रममा उनीहरूले भारत–फ्रान्स रणनीतिक साझेदारीमा भएको प्रगतिको समीक्षा गर्ने अपेक्षा गरी गएको छ । उनीहरूको छलफल रणनीतिक साझेदारीलाई सुदृढ पार्ने र नयाँ तथा उदीयमान क्षेत्रहरूमा विविधीकरण गर्ने विषयमा केन्द्रित हुने जनाइएको छ । प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोनले क्षेत्रीय र विश्वव्यापी महत्वका सवालहरुमा पनि विचार आदान–प्रदान गर्ने जनाइएको छ ।

म्याक्रोनको भ्रमण रक्षा, अन्तरिक्ष, आणविक ऊर्जा, जलवायु, शिक्षा र जनता–जनता आदानप्रदानमा भारत र फ्रान्स बीचको साझेदारीको पृष्ठभूमिका बिच भएको उल्लेख गरिएको छ ।

विदेश मन्त्रालयका अनुसार मुम्बईमा उनीहरुले एमओयू आदान – प्रदान गर्नेछन् । होटल ताजमहल प्यालेसले भारत–फ्रान्स इनोभेसन फोरमको आयोजना गर्नेछ भने गेटवे अफ इन्डियामा भारत–फ्रान्स इनोभेसन र सांस्कृतिक स्मारकको उद्घाटन हुने छ । इमानुएल म्याक्रोन र प्रथम महिला मेडम ब्रिगिट म्याक्रोनले फेब्रुअरी १६–१९ मा भारत भ्रमणको क्रममा मुम्बई र दिल्लीकोसमेत भ्रमण गर्ने जनाइएको छ ।

नव प्रवर्तन वर्ष २०२६ दुवै देशहरूमा वर्षभरि मनाइनेछ भने यसले प्रविधि, अनुसन्धान र जनता आदानप्रदानमा सहयोगलाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।

प्रधानमन्त्री मोदीको निमन्त्रणामा फ्रान्सेली राष्ट्रपति म्याक्रोनको भारत भ्रमणले कृतिम बौद्धिकता (एआई)का क्षेत्रमा सहयोग र उदीयमान प्रविधिहरूमा ध्यान केन्द्रित गर्दै भारत–फ्रान्स रणनीतिक साझेदारीमा निरन्तरताको सङ्केत गरेको जनाइएको छ ।

नयाँदिल्ली एआईका क्षेत्रमा विश्वको सबै भन्दा महत्वपूर्ण वार्तामा केन्द्रित हुँदा प्रधानमन्त्री नरेन्द्र मोदीले ग्लोबल एआई इम्प्याक्ट एक्सपोको उद्घाटन गर्ने तयारी गरेको जनाइएको छ । प्रधानमन्त्री मोदीले शिखर सम्मेलन अघि, उनले भारत आएका प्रतिनिधिहरूलाई स्वागत गर्ने र इन्डिया एआई इम्प्याक्ट एक्सपो २०२६ को उद्घाटन गर्ने जनाइएको छ । फेब्रुअरी १६ – २० सम्म, नयाँ दिल्लीमा आयोजित पहिलो अन्तर्राष्ट्रिय एआई शिखर सम्मेलन ‘इम्प्याक्ट समिट’ विश्वव्यापी एआई भविष्यलाई आकार दिने बताइएको छ । रासस

# आर्ट व्यवसायबाटै नाम र दाम दुवै

**खोटाङ ।**
रावाबेँसी गाउँपालिका–४ डुम्रेधारापानीका भोजबहादुर थापामगर ‘लाफा’ले आर्ट (चित्रकला) व्यवसाय सुरु गरेको २८ वर्ष पूरा भयो । कलाकार भोजबहादुर आफ्नो नामले भन्दा कामले परिचित भएका छन् । उनको आर्ट फर्मको नाम हो ‘लाफा आर्ट’ । उनी आफ्नो वास्तविक नाम (भोजबहादुर)ले भन्दा पनि लाफा दाइ भनेर चिनिने गरेका छन् । लाफा भनेको मगर भाषामा साथी हो ।

स्नातकसम्मको अध्ययन पूरा गरेर जिल्ला फर्किएका भोजबहादुरले विसं २०५४ मा दिक्तेल बजारमा आर्ट व्यवसाय सुरु गरेका थिए । आधिकारिक रुपमा ‘लाफा आर्ट’ फर्म दर्ता गरेर व्यवसाय सुरु गरेका भोजबहादुरको अहिले मासिक कमाई ८० हजारदेखि एक लाखसम्म हुने गरेको जनाइएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित सल्लेसीटोलका गेहकुमार सैँजूको घरमा एउटा कोठा भाडामा लिएर आर्ट व्यवसाय सुरु गरेका भोजबहादुरले अहिले त्यसैको कमाईबाट आफ्नै घरसमेत किन्न सफल भएका छन् । केही थान कुची र रङको डब्बा राखेर व्यवसाय सुरु गरेका भोजबहादुरको अहिले फर्ममा मात्रै चार करोड बढी लगानी पुगेको भोजबहादुरले जानकारी दिएका छन् ।

डुम्रेधारापानी निवासी पदमबहादुर र शुभद्रमायाँ थापामगरका कान्छो सन्तानका रुपमा विसं २०३४ पुस १५ गते जन्मिएका भोजबहादुरले सामाजिक शास्त्रमा स्नातकसम्मको अध्ययन पूरा गरेका छन् । विसं २०६१ सालमा साकेला गाउँपालिका–२ रतन्छाकी रेनुका राईसँग प्रेमविवाह गरेका भोजबहादुरको दुई छोरी र एक छोरा छन् ।




सुरुमा ब्यानर तथा भित्ते लेखन गर्नुभएका भोजबहादुरको आर्ट फर्ममा अहिले आर्टसम्बन्धीका सम्पूर्ण काम, शिलालेख, ताम्रपत्र, टुडी बोर्ड, लाइभ बोर्ड, थ्रिडी बोर्ड, डिजिटल बोर्ड, निओन बोर्ड, टी–सर्ट तथा छापहरु प्रिन्टलगायत सबै सेवा उपलब्ध छ । बिहानदेखि राति अबेरसम्म सेवाग्राहीको भीड लाग्ने भोजबहादुरको आर्ट फर्ममा उनकी श्रीमती रेनुकाले भरपुर सहयोग गर्दै आएका छन् । आर्ट व्यवसायबाट नाम र दाम दुवै कमाएका भोजबहादुरले विभिन्न सङ्घ÷संस्थाबाट सम्मान प्राप्त गरिसकेका छन् ।

ललितकला सङ्गम विराटनगर र रोटरी क्लबले विसं २०५८ तथा खोटाङ वाङ्मय कला प्रतिष्ठानले विसं २०६० मा ताम्रपत्रसहित भोजबहादुरलाई सम्मान गरेको हो । सरकारी कार्यालय तथा सार्वजनिकस्थलहरुमा झुन्डिएका बोर्ड तथा ब्यानरहरु सबैमा लाफा आर्ट लेखिएका भेटिन्छन् । आर्टसँगै प्रशिक्षकको भूमिका निर्वाह गर्दै आएका भोजबहादुरले कला भरेका आर्टका सामग्री बाहिरी जिल्लाहरु धरान, विराटनगर, राजधानी काठमाडौँलगायत सहरहरुमा समेत निर्यात हुने गरेको छ ।

आर्ट व्यवसायबाटै छोराछोरीको पठनपाठन तथा घरव्यवहार चलाउनाका साथै बचत गर्दै आएका भोजबहादुर दम्पतीका जेठी छोरी सीमा थापामगर भारतको बैङ्लोरमा नर्सिङ गर्दै छन्भने कान्छी सन्ध्या थापामगर काठमाडौँको रिलायन्स कलेजमा विज्ञान विषय लिएर कक्षा १२ तथा छोरा सस्टिन थापामगर दिक्तेल इङ्लिस बोर्डिङ स्कुलमा कक्षा ७ मा अध्ययन गर्दैछन् । धनकुटा बहुमुखी क्याम्पसबाट विसं २०५३ मा स्नातक उत्तीर्ण गरेका भोजबहादुरले एसएलसीसम्मको अध्ययन गाउँकै देउराली माध्यमिक विद्यालय डुम्रेधारापानीमा गरेका हुन् ।

सानै उमेरदेखि चित्रकलामा रुचि राख्नुहुने भोजबहादुर बिना प्रशिक्षण आर्ट पेसामा व्यावसायिक बनेको बताइएको छ । “मेरो पढाइ एकातिर भयो । व्यवसाय अर्कोतिर । तरै पनि यही व्यवसायबाट नाम र दाम दुवै कमाएको छु”, उनले भने, “व्यवसाय सफल हुनुमा रेणुको ठूलो हात छ । सेवाग्राहीको चाप भएको समयमा दुई जना (श्रीमान्÷श्रीमती) मिलेर सेवा दिइरहेका छौँ । सेवाग्रही पनि सन्तुष्ट हुनुहुन्छ ।”

सेवाग्राहीले जिल्लामा हुने मेला÷महोत्सव तथा आमसभाजस्ता सार्वजनिक कार्यक्रमका लागि आवश्यक ब्यानर, सजावटका सामग्रीलगायत सबै भोजबहादुरकै आर्ट फर्म बनाएर लाने गरेका छन् । दिक्तेलस्थित शान्तिटोलमा सञ्चालित लाफा आर्ट फर्मबाट उत्पादित सामग्री आकर्षक र गुणस्तरीय हुने सेवाग्राहीले बताउने गरेका छन् । आर्ट व्यवसायमा लामो समयदेखि निरन्तर जमिरहेका भोजबहादुरलाई सेवाग्राहीहरुले जिल्लामा निर्माण भएका पार्क (उद्यान) तथा पाटीपौवामा समेत लगेर कला भर्न लगाउने गरेका छन् । भोजबहादुरले गरेको आर्ट सुन्दर, सफा र दीर्घकालीन हुने उनका सेवाग्राहीहरुले बताउँदै आएका छन् ।

भर्खरै साकेला गाउँपालिकाले निर्माण गरेको साकेला पार्कमा भोजबहादुरले नै आर्ट गरेका छन् । पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यसहित गाउँपालिकाको लगानीमा निर्माण गरिएको साकेला पार्कमा भोजबहादुरले विभिन्न जातजातिको मौलिक पहिचान झल्कने आकर्षक चित्रहरु कोरेका छन् । आर्ट व्यवसायसँगै प्रशिक्षको भूमिका निर्वाह गर्दै आएका भोजबहादुरका चेलाहरुले जिल्लाका विभिन्न ठाउँमा आ–आफ्नो व्यवसाय सुरु गरेका छन् । आफूले सिकाएका चेलाहरुले आफ्नो ठाउँमा फर्किएर आर्ट व्यवसायलाई व्यावसायिक रुप दिएकामा भोजबहादुर खुसी छन् । दश स्थानीय तह रहेको जिल्लामा भोजबहादुरसँगै किशोर राई र लक्ष्मण राईले आर्ट व्यवसाय गर्दै आएका छन् । किशोरले ‘रानोहँछा आर्ट’ र लक्ष्मणले ‘दुमी आर्ट’दर्ता गरेर व्यवसाय गरेका हुन् । रासस

# अमेरिकी व्यापार सम्झौतामा भारतमाथि दबाब

**मुम्बई ।**
संयुक्त राज्य अमेरिकासँग गरिएको नयाँ व्यापार सहमतिले भारतभित्र राजनीतिक र आर्थिक बहस चर्काएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक भन्सार शुल्क नीतिको छायाँमा घोषणा गरिएको यस समझदारीलाई लिएर भारत सरकारले रक्षात्मक अवस्था अपनाउनुपरेको छ भने आलोचकहरूले यसलाई वासिङ्टनसामु झुकेको कदमको संज्ञा दिएका छन् ।

यस महिनाको प्रारम्भमा सार्वजनिक गरिएको सहमतिबारे औपचारिक विवरण सीमित छन् । संयुक्त वक्तव्य र ह्वाइट हाउसको तथ्यपत्रक बाहेक अन्य स्पष्ट प्रावधान बाहिर आएको छैन । तर नयाँदिल्लीले मार्च अन्त्यसम्म अन्तरिम समझदारीलाई अन्तिम रूप दिने जनाएको छ ।

यही अस्पष्टताले विशेषगरी कृषि क्षेत्रलाई चिन्तित बनाएको छ । शक्तिशाली किसान युनियनहरूले सस्तो अमेरिकी कृषि आयात भित्रिँदा कृषिमा आश्रित ७० करोडभन्दा बढी जनसङ्ख्याको रोजगारी र आयमा प्रत्यक्ष असर पर्ने चेतावनी दिएका छन् ।

सम्झौतामा पाँच वर्षभित्र पाँच खर्ब अमेरिकी डलर बराबरका अमेरिकी वस्तु खरिद गर्ने भारतको आशय सबैभन्दा विवादास्पद पक्ष बनेको छ । गत आर्थिक वर्षमा अमेरिकाबाट भारतको कुल आयात करिब ४५ अर्ब डलर मात्र थियो । नयाँदिल्लीस्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार वार्षिक खरिद दोब्बर गरेर एक खर्ब डलर पु¥याउने लक्ष्य यथार्थपरक देखिँदैन ।

उनले विमान खरिदलाई मुख्य आधार बनाइए पनि निजी एयरलाइन्सको निर्णयमा निर्भर हुने भएकाले त्यसबाट अपेक्षित परिमाण नआउने तर्क गरेका छन् ।

यदि आगामी पाँच वर्षमा थप २०० बोइङ विमान खरिद गरिए पनि, प्रतिविमान औसत ३० करोड डलरका दरले जम्मा मूल्य करिब ६० अर्ब डलर मात्र पुग्ने उनको अनुमान छ ।

कतिपय अर्थशास्त्रीहरूले भने ‘प्रतिबद्धता’ भन्दा ‘आशय’ शब्द प्रयोग गरिएकोले भारतलाई लचिलोपन मिल्ने बताएका छन् । क्यापिटल इकोनोमिक्सका शिवान टन्डनका अनुसार बाध्यकारी प्रावधान नराखी लक्ष्य निर्धारण गर्दा भविष्यमा लक्ष्य अपूरो रहे पनि कूटनीतिक जोखिम कम हुन्छ ।

यद्यपि ट्रम्प प्रशासनको अप्रत्याशित शैलीले अनिश्चितता कायम राखेको विश्लेषकहरूको भनाइ छ । गत जुलाईमा भएको अर्को व्यापार सहमतिको कार्यान्वयनमा ढिलाइ भएको आरोप लगाउँदै ट्रम्पले दक्षिण कोरियामाथि थप कर लगाउने चेतावनी दिनुभएको उदाहरण उनीहरूले स्मरण गराएका छन् ।

ऊर्जा क्षेत्र पनि अर्को संवेदनशील विन्दु बनेको छ । वासिङ्टनले भारतले रुसी तेल खरिद रोक्ने ‘प्रतिबद्धता’ जनाएको दाबी गर्दै २५ प्रतिशत अतिरिक्त शुल्क फिर्ता लिएको बताइए पनि संयुक्त वक्तव्यमा यस्तो उल्लेख छैन । भारत सरकारले यसबारे स्पष्ट पुष्टि वा खण्डन गरेको छैन । ऊर्जा नीति राष्ट्रिय हितअनुसार बहुविकल्पीय स्रोतमा आधारित रहने सरकारी धारणा सार्वजनिक छ ।

सन् २०२५ को जनवरीतिर दैनिक करिब ११ लाख ब्यारेल पुगेको रुसी तेल आयात पछिल्लो समय घटेको देखिएको छ । केही राज्य स्वामित्वका रिफाइनरीहरूले भेनेजुएलाबाट तेल खरिद गर्न थालेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तर रुसी आयात पूर्णरूपमा रोकिने वा नरोकिने विषय अनिश्चित छ । रुसको रोजनेफ्टको आंशिक स्वामित्वमा रहेको मुम्बईस्थित नयारा एनर्जीले दैनिक करिब चार लाख ब्यारेल खरिद गर्ने योजना बनाएको ब्लुमबर्गको रिपोर्टले सङ्केत गरेको छ ।

फिच सोलुसनअन्तर्गत बिएमआईका ड्यारेन टेलेका अनुसार भारतले औपचारिक घोषणा नगरी मूल्य र उपलब्धतामा आधारित ऊर्जा नीति अपनाउने सङ्केत दिएको छ, जसले ‘तेल प्लाङ्क’ सम्बन्धी अस्पष्टता अझै कायम रहेको देखाउँछ । उनले केही रिफाइनरहरूले रुसी कच्चा तेलको स्पट खरिद घटाएको प्रारम्भिक सङ्केत भए पनि यसलाई पूर्ण नीतिगत परिवर्तन मान्न नमिल्ने बताए ।

समग्रमा, भारतका लागि यो सहमति आर्थिक विस्तारभन्दा बढी राजनीतिक सन्तुलनको परीक्षा बनेको छ । व्यापार, ऊर्जा र कूटनीतिक दबाबबीच सन्तुलन मिलाउन नसके भविष्यका वृद्धिदर प्रक्षेपणमा असर पर्न सक्ने विश्लेषकहरूको चेतावनी छ । रासस

# टी–२० विश्वकपः अफगानिस्तानको पहिलो जित



**काठमाडौं ।**
आईसीसी पुरुष टी–२० विश्वकप २०२६ अन्तर्गत आज सम्पन्न रोमाञ्चक खेलमा अफगानिस्तानले संयुक्त अरब इमिरेट्स (युएई)लाई ५ विकेटले पराजित गरेको छ ।

नयाँ दिल्लीस्थित अरुण जेट्ली स्टेडियममा भएको यस खेलमा जित निकाल्दै अफगानिस्तानले प्रतियोगितामा आफ्नो पहिलो अंक जोडेको छ ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १६० रनको योगफल तयार पारेको थियो। युएईका लागि सोहैब खानले उत्कृष्ट ब्याटिङ गर्दै ४८ बलमा ६८ रनको इनिङ खेले। त्यस्तै अलि सान शराफूले ४० रनको योगदान दिए पनि अन्य ब्याटरहरूले खासै उल्लेख्य प्रदर्शन गर्न सकेनन्।

अफगानिस्तानका लागि तीव्र गतिका बलर अजमतुल्लाह ओमरजाई घातक साबित भए। उनले ४ ओभरमा मात्र १५ रन खर्चेर ४ महत्त्वपूर्ण विकेट लिए। कप्तान राशिद खान र मुजिब उर रहमानले पनि कसिलो बलिङ गर्दै युएईलाई ठूलो स्कोर बनाउनबाट रोके।

जवाफमा १६१ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले १९.२ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य पूरा ग¥यो। अफगानिस्तानको जितमा प्रारम्भिक ब्याटर इब्राहिम जाद्रानले ५३ रनको अर्धशतकीय इनिङ खेले।

खेलको अन्त्यतिर अजमतुल्लाह ओमरजाईले विष्फोटक ब्याटिङ गर्दै मात्र २१ बलमा अविजित ४० रन जोडेपछि अफगानिस्तानले ४ बल बाँकी छँदै जित सुनिश्चित ग¥यो ।

युएईका लागि जुनैद सिद्दीकी र मोहम्मद अर्फानले समान २–२ विकेट लिए पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। यस जितसँगै अफगानिस्तानले सुपर–८ को दौडमा आफूलाई जीवितै राखेको छ ।

# काठमाडौँ–५ मा प्रमुख दलका नेताकै बढी चर्चा



**काठमाडौँ ।**
आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै जाँदा मुलुकभर निर्वाचनमय वातावरण बन्दै गएको छ । यही फागुन २१ गते हुने निर्वाचनका लागि सोमबार देखि प्रचारप्रसार गर्ने समय सुरु भएपछि चुनावी माहोल थप तातेको छ ।

सङ्घीय राजधानी काठमाडौँको प्रतिनिधिसभा क्षेत्र नं ५ मा विगतमा विजयी हासिल गरेका र प्रमुख प्रतिस्पर्धी उम्मेदवारदेखि विभिन्न दलबाट नयाँ र स्वतन्त्र गरी २४ जनाले उम्मेदवारी दिएका छन् ।

यस निर्वाचन क्षेत्रमा उपप्रधानमन्त्रीदेखि मन्त्रीको जिम्मेवारी सम्हालिसकेका र पार्टीको प्रमुखदेखि वरिष्ठ उपाध्यक्ष, महामन्त्रीलगायत पद सम्हालेका व्यक्तिले उम्मेदवारी दिएका छन् ।

काठमाडौँ–५ मा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल, नेकपा (एमाले) का वरिष्ठ नेता ईश्वर पोखरेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष कमल थापा, नेपाल कम्युनिष्ट पार्टीका कल्पना शर्मा र राष्ट्रिय स्वतन्त्र पार्टीका सस्मित पोखरेल उम्मेदवार छन् ।

यस निर्वाचन क्षेत्रमा २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका पौडेल १५ हजार २६९ मत प्राप्त गरी विजयी भएका थिए । उक्त निर्वाचनमा एमालेका पोखरेल १० हजार १९० मत प्राप्त गरी निकटतम् प्रतिस्पर्धी बनेका थिए । रास्वपाका डा प्रणयशम्शेर राणाले पाँच हजार ४७७ मत प्राप्त गरेका थिए भने राप्रपाका रामप्रसाद उप्रेतीले तीन हजार १६२ मत पाएका थिए ।

कांग्रेस महामन्त्रीसमेत रहेका पौडेलले जेनजी पुस्तालगायत आमनागरिकले उठाउँदै आएका सुशासन, आर्थिक विकास, समाजिक न्याय, सांस्कृतिक पहिचान जस्ता सवाललाई प्राथमिकतामा राखेको बताए ।

‘प्रविधियुक्त र जीवनोपयोगी शिक्षा, सबैका लागि व्यवस्थित सार्वजनिक पार्क, खुला र सुरक्षित सडक, सहज, सुलभ र प्रविधिमैत्री स्वास्थ्य प्रणालीः सबैका लागि स्वास्थ्य बीमा, हाम्रो सम्पदा, हाम्रो पहिचानः कला–संस्कृतिको संरक्षण र पर्यटन प्रवद्र्धन हाम्रा प्राथमिकतामा छन्’, उनले भने, ‘त्यस्तै खानेपानी र ढल निकासः एकीकृत र दिगो व्यवस्थापन, युवा रोजगारी र उद्यमशीलताः नवपर्वतन र व्यावसायिक उत्थान, सामाजिक न्याय र सार्वजनिक सेवा प्रभावकारी बनाउनेलगायत विषय पनि हाम्रा मुद्दा हुन् ।’

एमालेको गत मङ्सिर २७ गतेदेखि भएको ११औँ महाविधेशनमा अध्यक्षमा निकटतम् प्रतिपस्र्धी रहिसकेका वरिष्ठ नेता पोखरेलले शैक्षिक र स्वास्थ्य संस्थाको पँहुच तथा गुणस्तर अभिवृद्धिका लागि व्यवस्थित गर्नुपर्नेलगायत विषय आफ्नो प्राथमिकतामा रहेको बताए । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका उनले भने, ‘उत्पादन र रोजगारीलाई प्रत्यक्ष रुपमा जनतासँग जोड्नुपर्नेछ, सहरी सुविधा व्यवस्थापनका लागि अधुरा भौतिक पूर्वाधार सम्पन्न गर्नुपर्ने र थप निर्माण गर्नुपर्ने विषय हाम्रो एजेण्डामा छन् ।’

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका राप्रपाका उम्मेदवार थापाले राष्ट्रियता र भ्रष्टाचार नियन्त्रणका लागि हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापनाको विषयलाई मुख्य एजेण्डा बनाएका छन् । ‘हाँडीगाउँ र टोखालाई सांस्कृतिक नगरका रुपमा विकास गर्नेछौँ, विष्णुमति, धोबिखोला करिडोरलगायतका बस्तीलाई व्यवस्थित बनाउँने छौँ’, उनले भने ।

नेकपाका उम्मेदवार शर्माले भ्रष्टाचार नियन्त्रण र सुशासन आफ्नो प्रमुख मुद्दा भएको बताए । शिक्षा र स्वास्थ्यमा समयानुकूल परिमार्जन र सहज पँहुचको विषयलाई चुनावी मुद्दा बनाएका उनले भने,सामाजिक न्याय र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनु हाम्रो प्राथमिकताको विषय हो, समयानुकूल कानुन निर्माण र संशोधन अपरिहार्य छ, त्यसका लागि हामी तालिकासहित अघि बढ्नेछौँ ।

रास्वपाका पोखरेलले उत्तरदायित्व, पारदर्शिता र प्रत्यक्ष संवादमार्फत जवाफदेही प्रतिनिधित्व स्थापित गर्ने अठोट व्यक्त गरे । यस निर्वाचन क्षेत्रका सबै वडामा, प्रत्येक महिनामा एक वडा केन्द्रित गर्दै सुनुवाइ सञ्चालन गर्ने उल्लेख गर्दै उनले भने, स्थानीयका गुनासा, सुझाव, अपेक्षा र प्राथमिकतालाई प्रत्यक्ष रूपमा अभिलेखीकरण गरी, तिनलाई संसद्मा नीतिगत बहस र कार्यक्रम निर्माणसँग जोड्नेछौँ ।

आगामी निर्वाचनका लागि यस क्षेत्रमा जनता समाजवादी पार्टी नेपालबाट दानिन्द्र जोशी, नेपाल मजदुर किसान पार्टीबाट शोभालाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाबाट अशोक बिक्रम जिसी, प्रगति लोकतान्त्रिक पार्टी विष्णु श्रेष्ठ, मङ्गोल नेशनल अर्गनाइजेशनबाट मीरा गुरुङ, संयुक्त नागरिक पार्टीबाट स्याम काजी सुनुवार उम्मेदवारी दिएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) निमेस खनाल, गतिशील लोकतान्त्रिक पार्टीबाट नीशा अधिकारी, जय मातृभूमि पार्टीबाट वसन्तराज कुँवर, श्रम संस्कृति पार्टीबाट अमित थापा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट ज्ञानेन्द्र प्रजापति, उज्यालो नेपाल पार्टीबाट श्रीराम गुरुङ, त्रिमूल नेपालबाट रमेश तामाङ, नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी) (एकल चुनाव चिह्न) बाट युवराज काफ्ले, आम जनता पार्टी (एकल चुनाव चिह्न) बाट कोमल पौडेलले उम्मेदवारी दिएका छन् । स्वतन्त्र उम्मेदवारका रुपमा क्यामुना मिजार, ढकबहादुर कार्की, धर्म डङ्गोल, प्रभा श्रेष्ठ र रमिता सापकोटा छन् ।

समानुपातिकतर्फ गत निर्वाचनमा रास्वपाले ११ हजार ६४७, कांग्रेसले १० हजार ४३, एमालेले नौ हजार ६५२, राप्रपाले सात हजार २०१, माओवादी केन्द्रले एक हजार २२४ मत प्राप्त गरेको थियो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मुलुकभर ६५ राजनीतिक दलले ६१ निर्वाचन चिह्नमा प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार ४०६ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फ ६३ राजनीतिक दलले ५७ निर्वाचन चिह्नमा चुनाव लड्दैछन् । त्यसप्रणालीका लागि महिला एक हजार ७७२ र पुरुष एक हजार ३६३ उम्मेदवार गरी तीन हजार १३५ उम्मेदवारको नाम बन्द सूचीमा समावेश छ । निर्वाचन आयोगले यही माघ ४ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ ।

यसपटकको निर्वाचनका लागि ९२ लाख ४० हजार १३१ महिला, ९६ लाख ६३ हजार ३५८ पुरुष र २०० अन्य गरी कूल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम रहेका छन् । निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ ।रासस

# पशुपतिनाथ परिसरमा स्वास्थ्य शिविर

**काठमाडौँ ।**
सुडी समाज काठमाडौँले महाशिवरात्रिका अवसरमा यहाँस्थित पशुपतिनाथ मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । शिविरमा १० हजारभन्दा बढीको निःशुल्क स्वास्थ्य परीक्षणका साथै भोजनको व्यवस्था गरिएको समाजका महाशिवरात्रि उपसमितिका संयोजक शङ्कर साह सुडीले जानकारी दिए। समाजद्वारा आयोजित स्वास्थ्य शिविरमा पाँच सयभन्दा बढीको उपचारका साथै निःशुल्क औषधि वितरण गरिएको थियो ।

समाजका अध्यक्ष शीतलप्रसाद महतोले हिन्दु धर्म, संस्कृतिको जगेर्ना र सद्भाव अभिवृद्धि गर्न यस्ता कार्यले महत्वपूर्ण योगदान पुर्याउने बताए । कार्यक्रममा समाजका उपाध्यक्ष विनय गामी, महासचिव डा प्रकाशचन्द्र पञ्जियार, सचिव वीरेन्द्रकुमार साह, कोषाध्यक्ष विनोद महासेठलगायतको उपस्थिति रहेको थियो ।

सो अवसरमा संविधानसभा सदस्य शैल महतो, समाजका सदस्यहरु रेखा महतो, प्रियङ्का पूर्वे, ममता महासेठलगायतलाई सम्मान समेत गरिएको थियो ।रासस

# लुम्बिनी प्रदेशमा 'सुरक्षित मातृत्व अभियान'

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरणलाई लक्षित गर्दै ‘सुरक्षित मातृत्व अभियान’ विशेष अभियान सुरु गरेको छ ।

प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले सोमबार रुपन्देही र नवलपरासीका स्थानीय तहका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीलगायत सरोकारवालासँग अन्तरक्रिया गरी अभियान बारेको अवधारणासहितको ढाँचा सार्वजनिक गरेको छ । साथै सरोकारवालाका सुझाव समेतलाई सङ्कलन गरी अभियानलाई थप प्रभावकारी बनाउने मन्त्रालयको लक्ष्य छ ।

विभिन्न स्थानीय तहका अधिकारी सहभागी रहेको कार्यक्रमले निःशुल्क प्रयोगशाला तथा यु।एस।जी।परीक्षण, सम्मानजनक सेवा प्रवद्र्धन र स्थानीय तहस्तरीय अनुगमनलाई एकीकृत ढङ्गले अघि बढाउने निचोड पनि निकालेको छ ।

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका अनुसार प्रदेशमा गर्भवती जाँच (एएनसी) ८२ प्रतिशत र संस्थागत सुत्केरी ८७ प्रतिशत पुगेको छ । तर सुत्केरीपछिको जाँच (पिएनसी) ६६ प्रतिशतमा सीमित रहनु सेवाको निरन्तरतामा चुनौती देखिएको सङ्केत भएको जनाइएको छ । सार्वजनिक विवरणमा आर्थिक वर्ष २०८१÷८२ मा ७९ हजार ५३६ संस्थागत सुत्केरी भएका छन् भने ७१४ घरमै सुत्केरी भएका छन् ।

यसैगरी, १०९ स्थानीय तहमध्ये ४८ ले शून्य घर सुत्केरी उपलब्धि हासिल गरे पनि ६१ स्थानीय तहमा घरमा सुत्केरी कायम रहनुले पहुँच र व्यवहार परिवर्तन दुवैमा थप काम आवश्यक रहेको देखिएको मन्त्रालयको भनाइ छ । प्रदेशको कुल प्रजनन दर ३.१६ रहेको तथ्याङ्कले मातृ–नवजात स्वास्थ्य सेवामा थप सघन प्रयासको आवश्यकता औँल्याएको जनाइएको छ ।

मन्त्रालयले सेवामा देखिएको चुनौती अन्त्य गर्न गर्भावस्थाको चरणअनुसार प्याकेज ए, बी (वान), बी (टू)र सी गरी विभिन्न प्रकारका प्याकेज कार्यक्रम राखिएका छन् । स्थानीय स्वास्थ्य संस्था वा तोकिएका प्रेषण अस्पतालमार्फत तोकिएबमोजिम परीक्षण निःशुल्क उपलब्ध हुनेगरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका वरिष्ठ नर्सिङ प्रशासक ईश्वरी केसी उल्लेख गरे ।

सिबिसी, आरबिएस, युरिन आरएमई, क्रिटिनाइन, एसजिओटी, एसजिपिटी, टिएसएच, रक्त समूह, एचबिएसएजी, भिडिआरएल र आवश्यक परे थप परीक्षण र जिल्ला अस्पतालमा एएसजी गर्न सकिनेगरी प्रबन्ध मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

पहिलो गर्भजाँच १२ हप्ताभित्र गराउने, २०–२४ हप्तामा थप जाँच सुनिश्चित गर्ने तथा जटिलता देखिएमा तोकिएका जिल्ला–स्थित सरकारी प्रेषण अस्पतालमा मात्र सन्दर्भ गर्ने व्यवस्था गरिएको र यसका लागि प्रेषणका लागि स्थानीय स्वास्थ्य संस्थाबाट पुर्जा अनिवार्य गरिएको छ ।

अभियानमार्फत पहुँच बढाउने मात्रै नभइ सेवा सम्मानजनक, गोपनीयता र भेदभावरहित बनाउनेमा जोड दिइएको प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए । प्रमाणमा आधारित उपचार, प्रभावकारी प्रेषण प्रणाली, तथ्याङ्कको प्रयोग, संवेदनशील सञ्चार, भावनात्मक सहयोग, सीपयुक्त जनशक्ति र सहयोगी पूर्वाधारलाई गुणस्तरीय सेवाका मुख्य स्तम्भका रूपमा अघि सारिएको मन्त्री सारुले उल्लेख गरे ।

पछिल्ला तीन वर्षमा केही सूचकमा आएको गिरावटलाई गम्भीरतापूर्वक लिएर विशेष हस्तक्षेप आवश्यक ठानिएको मन्त्रालयले जनाएको छ । तर यसलाई सुधार्ने गरी जनशक्तिको व्यवस्थापनलगायत काममा ध्यान दिइएको मन्त्री सारुको भनाइ छ ।

संविधानको स्वास्थ्यसम्बन्धी हक र महिलाको सुरक्षित मातृत्व अधिकार साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लगायत कानुनी प्रावधानसँग कार्यक्रम समन्वयात्मक तरिकाले व्यवस्थित गरिएको छ । कार्यक्रममा प्रदेश सरकार स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ र विभिन्न विभागका प्रमुखसहित वरिष्ठ अधिकारीहरुको सहभागिता थियो ।

सुरक्षित मातृत्व अभियानअन्तर्गत प्रत्येक स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा अनुगमन समिति सक्रिय गरिने उल्लेख छ । गर्भजाँचका लागि दर्ता भएका महिलामध्ये शतप्रतिशतले तोकिएअनुसार जाँच पूरा गरेको सुनिश्चित गर्नेलाई प्रोत्साहनस्वरूप मासिक दुई हजार उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।

त्रैमासिक रूपमा परीक्षण बिल, मातृ–नवजात स्वास्थ्य कार्डको प्रतिलिपि र प्रेषण कागजातसहित भुक्तानी माग गर्ने स्पष्ट प्रक्रिया तोकिएको छ, जसले पारदर्शिता र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चापागाईं, देवदह नगरपालिका प्रमुख ध्रुव खरेल, लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख कल्पना हरिजनलगायतले अभियान सफलताको कामना गरेका थिए ।

त्यस अवसरमा मन्त्रालयका तर्फबाट वरिष्ठ नर्सिङ प्रशासक केसीसहित विश्व स्वास्थ्य सङ्गठन अनुगमन ढाँचाबारे शङ्कक भट्ट, दानबहादुर खड्कालगायतले विभिन्न तथ्याङ्कसहितको विशेष अवधारणाहरु सार्वजनिक गरेका थिए ।रासस

# पशुपतिनाथमा सकियो चार प्रहरको पूजा, लाखौँ गरे दर्शन

**काठमाडौं ।**
महाशिवरात्रिका अवसरमा आइतबार बेलुकीको यो दृश्य सोमबार बिहानसम्म कायमै रहेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । महाशिवरात्रि भएकाले रातभर मन्दिर बन्द गरिएन । मूल सडकबाट मन्दिर क्षेत्र प्रवेश गर्ने मूलढोका पनि राति बन्द भएन ।

आइतबार बेलुकी सूर्यास्तपछि सुरु भएको महाशिवरात्रिको चार प्रहरको पूजा आज बिहान ६ बजे अघि सकिएको थियो । महाशिवरात्रिका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा शुक्रबारदेखि नै सुरु भएको भक्तजनको चहलपहल आज बिहानसम्म पनि कायम रहेको छ ।



राति १० बजेपछि पनि पशुपतिनाथ मुख्य क्षेत्र प्रवेश गर्ने बाहिरी ढोकासम्म पनि भक्तजन लाइनमा बसेको कोषका सूचना अधिकारी अनिता भट्टले जानकारी दिए ।

विगत वर्षमा राति १० बजेपछि पशुपतिनाथको मुख्य क्षेत्र प्रवेश गर्ने मूलढोकाभित्र लाइन पुग्ने गरेकाले मूलढोका बन्द गरेर चार प्रहर पूजा समापन गरिन्थ्यो । यो वर्ष भने धेरै भक्तजन राति पनि लाइनमा बसेकाले मूलढोका बन्द नगरिएको उनले बताए।

महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा लाखौँ भक्तजनले पूजा, आराधना एवं दर्शन गरेका छन् ।

**गोकर्णेश्वरमा जम्मा भए हजारौँ भक्तजन**

यसैगरी गोकर्णेश्वर महादेव मन्दिरमा पनि आइतबार रातिसम्म नै भक्तजनको भीड लागेको थियो । गोकर्णेश्वर मन्दिर क्षेत्रलाई पनि बिजुली बत्तीले झिलिमिली बनाइएको थियो । पशुपतिनाथमा श्रीयन्त्रको पूजा आराधना हुने र गोकर्णेश्वर महादेव मन्दिरमा बालयन्त्रको पूजा आराधना हुने गर्छ । श्रीयन्त्रको पूजा आराधनामा सहभागी हुनेले फल प्राप्तिका लागि बालयन्त्रको पूजा आाराधनामा पनि सहभागी हुनुपर्ने शास्त्रीय मान्यता भएकाले पनि पशुपतिनाथ आएका केही भक्तजन गोकर्णेश्वर आउने गर्छन् ।

भक्तजनका कारण गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा जम्मा भएको फोहर आज बिहान सफाइ गरिने भएको छ । वाग्मती सुन्दरता सरोकार मञ्चको नेतृत्वमा गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा सफाइ गर्न लागिएको जनाइएको छ । मञ्चले गुह्येश्वरीमाथिको वाग्मती सफाइ गर्दै आएको छ । मुहानदेखिकै वाग्मती सफाइ अभियानमा जुटेको मञ्चले प्रत्येक हप्ताको शनिबार नियमित रुपमा बिहान दुई घण्टा गुह्येश्वरीमाथिको वाग्मतीमा सफाइ गर्छ ।

**बाणेश्वर र नागेश्वरमा पनि रातिसम्म भक्तजनको लाम**

पशुपति क्षेत्रस्थित साविकको गौचरणस्थित हालको त्रिभुवन विमानस्थलबाट गोठाटार क्षेत्रमा स्थानान्तरण गरिएको नागेश्वर महादेव मन्दिरमा पनि आइतबार बिहान ३ बजेदेखि नै भक्तजनको लाम लागेको थियो । त्यो लाम आइतबार रातिसम्म उस्तै थियो । नागेश्वरमा छ जना ब्राह्मणद्वारा चारै प्रहर पूजाआराधना एवं रुद्राभिषेक गरिएको थियो । यो पूजा प्रत्येक वर्ष महाशिवरात्रिका अवसरमा हुने गर्छ ।

नागेश्वरमा महाशिवरात्रिका अवसरमा रातिसम्म नै भक्तजनको लामो लाम लागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाशजङग रायमाझीले राससलाई जानकारी दिए । मन्दिरमा बिहानदेखि रातिसमम हजारौँ भक्तजनले पूजाआराधना एवं दर्शन गरेका छन् । महाशिवरात्रिमा बाणेश्वर एवं नागेश्वरको दर्शन गर्नाले मुद्दामामिलाबाट छुटकारा पाउनुका साथै श्री प्राप्त हुने धार्मिक विश्वाससमेत रहेको अध्यक्ष रायमाझीले बताए ।

यसैगरी राजधानी र देशभरका अन्य शिवालयमा पनि रातिसम्म नै भक्तजनको लाम लागेको थियो ।

मध्यरातमा फागुन कृष्ण चतुर्दशी तिथि परेका दिन प्रत्येक वर्ष महाशिवरात्रि पर्व विशेष रुपमा मनाउने गरिन्छ । रासस

# घरजग्गा कारोबारबाट पाँच अर्ब राजस्व सङ्कलन



**काठमाडौं ।**
गत माघ महिनामा देशभरका मालपोत कार्यालयहरुले रु पाँच अर्ब नौ लाख २४ हजार राजस्व सङ्कलन गरेका छन् । गत पुसमा रु पाँच अर्ब १७ करोड ३२ लाख राजस्व सङ्कलन गरेकामा माघमा भने केही घटेको हो ।

देशभरको मालपोतको राजस्व सङ्कलनलगायतको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार घरजग्गाको कारोबार उल्लेख्य रुपमा बढ्न सकेको छैन । विभागका अनुसार गत माघ महिनामा कुल ५० हजार ८३७ लिखत पारित भएको छ । गत वर्षको तुलनामा यस वर्षको माघमा लिखत पारितको सङ्ख्यामा केही बढोत्तरी भएको छ ।

विभागका अनुसार गत माघमा सेवा करबापत रु ३१ करोड ५८ लाख ७२ हजार ४८८, रजिस्टे«सन दस्तुर रु दुई अर्ब ६८ करोड ६९ लाख ४२ हजार ५३२ सङ्कलन भएको थियो । त्यसैगरी पुँजीगत लाभकरबापत रु एक अर्ब ९६ करोड ५५ लाख १२ हजार २६७ सङ्कलन भएको विभागले जनाएको छ ।रासस

# पर्सा–४ मा बाह्य प्रभावको चर्चा
## सुरक्षा सतर्कता कडा पार्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा चुनावी माहोल तातेका बेला नेकपा (एमाले) का उम्मेदवार जालिम मियाँको पक्षमा बाह्य प्रभाव पार्ने प्रयास भइरहेको भन्ने चर्चा सार्वजनिक भएपछि सुरक्षा संयन्त्रलाई थप सतर्क बनाउन आवाज उठ्न थालेको छ । स्थानीय राजनीतिक वृत्तमा छिमेकी देशहरू बङ्गलादेश, पाकिस्तान र भारतबाट केही व्यक्तिहरू नेपाल प्रवेश गरी विशेष समुदायका उम्मेदवारको समर्थनमा सक्रिय भएको हल्ला फैलिएको छ । यद्यपि सम्बन्धित निकायले हालसम्म यस्ता दाबीहरूको आधिकारिक पुष्टि गरेका छैनन् । गाउँ–टोलमा अपरिचित व्यक्तिहरूको आवागमन बढेको भन्दै केही स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार अचिनिएका मानिसहरू विभिन्न धार्मिक स्थल तथा निजी घरमा बसोबास गरिरहेको देखिएको छ । निर्वाचन परिणामलाई प्रभावित पार्न आर्थिक चलखेल हुन सक्ने सम्भावनासमेत औंल्याइएको छ । यस क्षेत्रलाई यसपटक निकै प्रतिस्पर्धात्मक मानिएको छ । नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजाल र एमालेका जालिम मियाँबीच कडा टक्कर हुने आकलन गरिँदै आएको छ । यस्तो अवस्थामा बाह्य शक्तिको प्रभावबारे उठेका चर्चाले राजनीतिक वातावरण थप संवेदनशील बनेको छ । केही स्थानीय मतदाताहरूले चुनावी प्रतिस्पर्धालाई विकास र नीति कार्यक्रमको बहसभन्दा धार्मिक वा साम्प्रदायिक आधारमा मोड्ने प्रयास हुन सक्ने आशङ्का व्यक्त गरेका छन् । 'विकासका मुद्दा ओझेलमा पारेर समुदायगत ध्रुवीकरण गराउने चलखेल हुन सक्ने संकेत देखिन्छ,' एक मतदाताले बताए । उनका अनुसार यस्ता गतिविधिले निर्वाचनको मूल उद्देश्यलाई कमजोर पार्न सक्छ ।
राजनीतिक विश्लेषकहरू भने यस्ता चर्चाप्रति सजग रहनुपर्ने बताउँछन् । उनीहरूका अनुसार बाह्य हस्तक्षेपबारे फैलिने हल्लाले मतदातामा अन्योल र अविश्वास सिर्जना गर्न सक्छ । त्यसैले तथ्यमा आधारित अनुसन्धान र स्पष्ट जानकारी आवश्यक रहेको उनीहरूको धारणा छ । 'आशङ्का उठ्नु स्वाभाविक हो, तर पुष्टि नभएको विषयलाई अतिरञ्जित गर्नुभन्दा सुरक्षा निकायले तथ्यपरक छानबिन गर्नु जरुरी हुन्छ,' एक विश्लेषकले भने । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण बनाउन प्रशासन र सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने बताइएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहलले निर्वाचन अनुगमन प्रणाली सक्रिय रूपमा सञ्चालनमा रहेको जानकारी दिएका छन् । उनका अनुसार कुनै पनि गैरकानुनी गतिविधि भएको पाइएमा आवश्यक छानबिन गरी सम्बन्धित व्यक्तिलाई कानुनी दायरामा ल्याइनेछ । 'हामीले सम्पूर्ण अवस्थामाथि निगरानी बढाएका छौं । नियमविपरीत गतिविधि सह्य हुने छैन,' उनले स्पष्ट पारे ।
स्थानीय प्रशासनले मतदातालाई अफवाहमा नपर्न र शंकास्पद गतिविधि देखिएमा तत्काल जानकारी गराउन आग्रह गरेको छ । चुनाव लोकतन्त्रको आधार भएकाले यसलाई प्रभावित पार्ने कुनै पनि प्रयास स्वीकार्य नहुने प्रशासनको भनाइ छ । पर्सा–४ मा चुनावी प्रतिस्पर्धा चर्किंदै जाँदा सुरक्षा संवेदनशीलता पनि बढ्दै गएको छ । अब प्रशासनको सक्रियता, सुरक्षा संयन्त्रको सजगता र मतदाताको सचेत सहभागिताले नै निर्वाचन प्रक्रिया कत्तिको पारदर्शी र विश्वसनीय रूपमा सम्पन्न हुन्छ भन्ने निर्धारण गर्नेछ ।

# अनुभव, दृष्टि र प्रत्यक्ष संवादसहित टेमानीको घरदैलो तीव्र
## 'उद्योगबाट नीति निर्माणसम्म' को नारासहित मतदातामाझ टेमानी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार अशोक कुमार टेमानीले आफ्नो घरदैलो अभियानलाई थप सशक्त बनाउँदै मतदातासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएका छन् । जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय सदस्यसमेत रहेका टेमानीले उद्योग, व्यवसाय र समाजसेवामा हासिल गरेको लामो अनुभवलाई अब नीति निर्माण र क्षेत्रीय विकासमा रूपान्तरण गर्ने प्रतिवद्धता जनाउँदै अभियान अघि बढाएका हुन् ।



३५ वर्षभन्दा बढीको व्यावसायिक यात्रामा उद्योग, व्यापार, आयात निर्यात, अन्तर्राष्ट्रिय व्यवसाय तथा लजिस्टिक्स क्षेत्रमा दक्षता हासिल गरेका टेमानीले आफूलाई 'व्यवहारिक अनुभव भएको उम्मेदवार' का रूपमा प्रस्तुत गरिरहेका छन् । घरदैलोका क्रममा उनले स्थानीय बासिन्दासँग शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार विकास, उद्योग व्यापार प्रवद्र्धन, युवा उद्यमशीलता र लगानीमैत्री वातावरण निर्माणका विषयमा विस्तृत छलफल गरिरहेका छन् ।
टोल टोलमा पुगेर मतदाताको गुनासो सुन्ने र तत्कालै समाधानका सम्भावित उपायहरू प्रस्तुत गर्ने शैलीले टेमानीको अभियानलाई अन्य उम्मेदवारभन्दा फरक बनाएको समर्थकहरूको दाबी छ । 'हामीलाई भाषण होइन, समाधान चाहिएको छ,' एक स्थानीय व्यवसायीले भने, 'टेमानीज्यूले उद्योग र रोजगारीका विषयमा स्पष्ट योजना सुनाउनुभएको छ ।'
टेमानीले आफ्नो अन्तर्राष्ट्रिय अध्ययन र अनुभवलाई पनि अभियानको मुख्य एजेण्डा बनाएका छन् । हार्वर्ड विश्वविद्यालय (अमेरिका) मा नेतृत्व तथा सार्वजनिक नीति सम्बन्धी कार्यकारी शिक्षा, अमेरिका, जापान र डेनमार्कमा प्राप्त व्यवस्थापन तथा स्वच्छ उत्पादन तालिमको अनुभवलाई नेपालमा व्यवहारिक रूपमा लागू गर्ने उनको प्रतिबद्धता छ । 'स्थानीय सम्भावनालाई अन्तर्राष्ट्रिय अवसरसँग जोड्न सकियो भने पर्सा आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्छ,' टेमानीले एक अन्तरक्रियामा बताएका छन् ।
उनको संस्थागत नेतृत्व अनुभव पनि अभियानमा प्रमुख आधार बनेको छ । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष, एफएनसिसिआई नेपालका कार्यकारी बोर्ड सदस्य तथा वीरगंज उद्योग वाणिज्य संघका पूर्व अध्यक्षको रूपमा काम गरिसकेका टेमानीले उद्योग व्यवसाय क्षेत्रको नीतिगत समस्या नजिकबाट बुझेको दाबी गर्छन् ।
घरदैलो अभियानका क्रममा युवाहरूले रोजगारी र सीप विकास केन्द्र स्थापना, महिलाहरूले स्वरोजगार र सहुलियत कर्जा, किसानहरूले कृषि प्रशोधन उद्योगको माग अघि सारेका छन् । टेमानीले यी मागहरूलाई आफ्नो प्राथमिक कार्यसूचीमा राख्ने आश्वासन दिएका छन् । 'स्थानीय उत्पादनलाई मूल्य श्रृंखलासँग जोडेर रोजगारी सिर्जना गर्नु मेरो पहिलो प्राथमिकता हुनेछ,' उनले बताएका छन् ।
समाजसेवामा सक्रिय भूमिकाका कारण पनि टेमानी स्थानीय समुदायमा परिचित छन् । नेपाल रेडक्रस सोसाइटी, नेत्र ज्योति संघ, लायन्स क्लव तथा शैक्षिक संस्थासँगको संलग्नताले उनलाई सामाजिक उत्तरदायित्वप्रति प्रतिबद्ध नेतृत्वका रूपमा चिनाएको समर्थकहरूको भनाइ छ ।
अभियानको क्रममा टेमानीले स्पष्ट सन्देश दिइरहेका छन् 'अब विकासका लागि अनुभवी र नीति दृष्टि भएको नेतृत्व आवश्यक छ ।' उनका अनुसार पर्सा क्षेत्र नं. २ लाई औद्योगिक हब, रोजगारी केन्द्र र शैक्षिक स्वास्थ्य पूर्वाधारमा अग्रणी क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना छ, यदि सही योजना र पारदर्शी कार्यान्वयन भयो भने ।
घरदैलो अभियानसँगै टेमानीको चुनावी सक्रियता तीव्र बन्दै गएको छ । प्रत्यक्ष संवाद, स्पष्ट योजना र अनुभवको संयोजनले उनको उम्मेदवारीलाई बलियो बनाएको समर्थकहरूको विश्वास छ । अब मतदाताको निर्णयले पर्सा क्षेत्र नं. २ को विकास यात्रामा नयाँ अध्याय सुरु हुने कि नहुने तय गर्नेछ ।

# निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै राजनीतिक दल तथा सरोकारवालालाई निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न आह्वान गरेका छन् ।
जनकपुरधाममा सोमबार आयोजित 'निर्वाचन आचारसंहिता प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक कार्यक्रममा उनले आचारसंहिता कानुनी दस्तावेज मात्र नभई लोकतन्त्र सुदृढीकरणको आधारस्तम्भ भएको बताए । राजनीतिक दलकै सहमतिमा निर्माण गरिएको मापदण्ड कार्यान्वयनमा कमजोरी देखिनु उचित नहुने उनको स्पष्ट भनाइ थियो । मुख्यमन्त्री यादवले निर्वाचनका क्रममा हुने अनावश्यक खर्च र तडकभडकले लोकतान्त्रिक प्रतिस्पर्धालाई असन्तुलित बनाउने उल्लेख गर्दै अत्यधिक खर्चिलो चुनावले योग्य र सक्षम व्यक्तिलाई उम्मेदवारी दिन निरुत्साहित गर्ने बताए । 'आचारसंहिताको पूर्ण पालना गरिए निर्वाचन खर्च नियन्त्रण भई सुशासन स्थापनामा टेवा पुग्छ,' उनले जोड दिए ।
उनका अनुसार विगतका तुलनामा यसपटक आचारसंहिता उल्लङ्घनका घटनामा केही कमी आएको छ, जसलाई सकारात्मक रूपमा लिनुपर्ने उनले बताए । निर्वाचनलाई मर्यादित बनाउन राज्य संयन्त्र, सुरक्षा निकाय र सञ्चारमाध्यमहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको उनको धारणा थियो ।
कार्यक्रममा निर्वाचन आयोग, नेपालका आयुक्त सगुन शम्शेर जवरले आचारसंहिताको प्रभावकारी कार्यान्वयनबिना स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन सम्भव नहुने बताए । निर्वाचनलाई कम खर्चिलो र तडकभडकमुक्त बनाउन दल, उम्मेदवार र मतदाता सबैको साझा जिम्मेवारी रहेको उनले उल्लेख गरे ।
आयुक्त जवराले आचारसंहिता उल्लङ्घन न्यूनीकरण गर्न आयोगले अनुगमन संयन्त्र सक्रिय बनाएको जानकारी दिँदै सामाजिक सञ्जाल, प्रचार सामग्री, सार्वजनिक सभा तथा आर्थिक खर्चको निगरानीलाई थप प्रभावकारी बनाइएको बताए । सचेतनाको अभाव अझै चुनौतीका रूपमा रहेको उनको भनाइ थियो । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, सञ्चारकर्मी तथा प्रशासनिक अधिकारीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले निर्वाचनलाई स्वस्थ प्रतिस्पर्धाको उत्सवका रूपमा स्थापित गर्न आचारसंहिताको अक्षरशः पालना अनिवार्य रहेको धारणा व्यक्त गरे ।
वक्ताहरूले लोकतन्त्रको आधार निष्पक्ष निर्वाचन भएकाले त्यसलाई स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउन सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिएका थिए । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन भए आगामी निर्वाचन थप जनमुखी र विश्वसनीय बन्ने विश्वास व्यक्त गरिएको छ ।

# नेपालमा बढ्दो धर्म परिवर्तन
## चिन्ताको विषयः भण्डारी



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपालमा बढ्दो धर्मान्तरण चिन्ताको विषय भएको बताइएको छ । नेपालका पहाडी जिल्लामा चर्चहरू बढ्दै गएका छन् र सीमावर्ती क्षेत्रहरूमा मस्जिद र मदर्सा बढ्दै गएको विषयमा चिन्ता जताइएको हो ।
सोमबार गायत्री सेवा सदनमा विश्व हिन्दू परिषद नेपाल धर्म रक्षा निधि समर्पण कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै विश्व हिन्दू परिषद नेपालका राष्ट्रिय अध्यक्ष पुरुषोत्तम भण्डारीले विश्वको एकमात्र हिन्दू राष्ट्र नेपाललाई षड्यन्त्रको रूपमा ध्वस्त पारिएको बताए ।
'गैरसरकारी संस्थाहरूमार्फत स्वास्थ्य र शिक्षाको नाममा गरिब नेपालीहरूलाई धर्म परिवर्तन गराइँदैछ,' उनले भने, 'बंगलादेशी र रोहिंग्या मुस्लिमहरूले पनि ठूलो संख्यामा नेपालमा अवैध रूपमा घुसपैठ गरिरहेका छन्, जसले गर्दा यसको जनसांख्यिकी परिवर्तन भइरहेको छ, जुन चिन्ताको विषय हो ।' 'यदि हामी उठेनौँ भने नेपाल पाकिस्तान र बंगलादेश जस्तै हुनेछ, पछिल्ला दिनहरूमा केही कट्टरपन्थी मुस्लिमहरूले 'हिन्दूहरूलाई निकाल्नुहोस्, राष्ट्र (नेपाल) बचाउनुहोस्,' भन्ने नारा लगाएका थिए,' उनले भने, 'यद्यपि, तिनीहरूविरुद्ध कुनै कारबाही गरिएको छैन ।'
भण्डारीले भने, 'विश्व हिन्दू परिषदलाई यसको प्रचारको लागि कोषको आवश्यकता छ, त्यसैले कृपया सकेसम्म धेरै योगदान गर्नुहोस् ।' उनले थपे, 'नेपाल ऋषि र सन्तहरूको भूमि हो ।
यो जानकी र बुद्धको भूमि हो । यसको अस्तित्व जोगाउनु प्रत्येक हिन्दूको कर्तव्य हो । गुरुकुलहरूले पहिले सनातन शिक्षा र मूल्यमान्यताहरू प्रदान गर्थे, तर अब यी हराइसकेका छन् ।'
विश्व हिन्दू परिषदका संगठन सचिव प्रह्लाद रेग्मीले भने, 'नेपालमा २० हजार चर्चहरूमा ६० हजार ईसाई मिसनरीहरू छन्, तर केवल १० हजार पूर्ण–कालीन हिन्दू स्वयम्सेवकहरू छन्, तैपनि उनीहरूले धार्मिक धर्म परिवर्तन रोक्न सफल भएको छ ।'
सन्तोष कुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विश्व हिन्दू परिषद नेपालका उपाध्यक्ष रघुनाथ साह, नेपाल हिन्दू स्वयम् सेवक संघका संभाग प्रचारक पवन ठाकुर, प्रभु दयाल जालान, मनोहर साह, मधु साहसहित ठूलो संख्यामा विश्व हिन्दू परिषदका कार्यकर्ता उपस्थित थिए ।

# २५ किसानको उखुबारीमा आगलागी
## करोड बढीको उखु नष्ट

**सरहा ।**
लहान नगरपालिका–१३ घलेटोलमा सोमबार दिउँसो आगलागी हुँदा करिब ३० बिघा क्षेत्रफलमा लगाइएको उखु जलेर नष्ट भएको छ ।
प्रारम्भिक विवरणअनुसार आगलागीबाट स्थानीय २५ किसानको करिब एक करोड १६ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार दिउँसो उखुबारीको मध्यभागबाट आगो सल्किएको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो । स्थानीय बासिन्दाको सहयोगमा आगो मानव बस्तीमा फैलिन नदिइएको उनले बताए । गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रको सहयोगमा करिब ४ घन्टापछि आगो पूर्ण रूपमा निभाइएको थियो । लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजारबाट सहयोग मगाइएको थियो ।
प्रहरीका अनुसार उखुबारीको मध्यभागबाट आगो सल्किएकाले कसैले चुरोट वा बिँडी पिएर ठुटो फालेको वा नियतवश आगो लगाएको हुनसक्ने आशङ्का गरिएको छ । घटनाबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । पीडित किसान रामलखन मण्डलले उखु बेचेर घरायसी खर्च र ऋण तिर्ने योजना रहेको दुःखेसो पोख्दै भने, 'लागतसमेत डुब्यो, दोषी पत्ता लगाएर क्षतिपूर्तिसहित कारबाही हुनुपर्छ ।' अर्का किसान कपिलदेव यादवले उखुमा आगो लगाउने जोसुकै भए पनि किसानमाथि अपराध गरेको भन्दै कानूनी कारबाही माग गरे । उनका अनुसार, उखु रोप्नुअघि र रोपेपछि मलखाद र सिँचाइ उपलब्ध हुँदा प्रतिकट्ठा औसत ३० देखि ३५ क्विन्टल उत्पादन हुन्छ । चिनी उद्योगलाई बेच्दा प्रतिक्विन्टल ६ सय २० रुपैयाँ र सरकारी अनुदान ७० रुपैयाँ गरी ६ सय ९० रुपैयाँ आम्दानी हुने गर्छ । यस आधारमा ३० बिघा क्षेत्रफलमा करिब १८ हजार क्विन्टल उखु जलेको अनुमान गर्दा क्षति एक करोड २४ लाख २० हजार रुपैयाँसम्म पुग्ने देखिएको उनले बताए । रासस

# श्रीमतीको हत्या गरी श्रीमान फरार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रौतहटको फतुवा विजयपुर नगरपालिका–६ पेटभरवामा ४५ वर्षीय महन्थ राय यादवले आफ्नी ३५ वर्षीया श्रीमती आरती देवी यादवको धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोप लागेको छ । घटना सार्वजनिक भएपछि स्थानीय क्षेत्रमा त्रास र चासो बढेको छ ।
घटनापछि आरोपी महन्थ फरार रहेका छन् । स्थानीयवासीलाई शंका लागेपछि वडा अध्यक्ष रामएकवाल यादवले इलाका प्रहरी कार्यालय सन्तपुर, दोस्तियालाई जानकारी गराएका थिए । प्रहरी टोली घटनास्थलमा पुगेर ढोका खोलेपछि आरतीको शव मृत अवस्थामा फेला परेको जनाएको छ ।
प्रहरीका अनुसार मृतकको टाउको र घाँटीमा धारिलो हतियार प्रहार गरिएको थियो। घटनास्थलबाट सानो बन्चरो र मासु काट्ने दाउ बरामद गरिएको छ ।
वडा अध्यक्षका अनुसार दम्पतीबीच केही वर्षदेखि सम्बन्ध सुमधुर थिएन । महन्थले पेटभरवामा सानो होटल सञ्चालन गर्दै आएका थिए भने आरती करिब तीन वर्षदेखि उद्योगमा काम गर्ने भन्दै घरबाहिर बस्दै आएकी थिइन्। मृतकका दुई छोरा हाल मामाघरमा बस्दै आएका छन् ।
स्थानीय जनप्रतिनिधिका अनुसार महन्थले फोनमार्फत आफ्नी श्रीमतीको हत्या गरेको स्वीकार गरेको बताएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख सिताराम रिजालले प्रारम्भिक अनुसन्धानले दम्पतीबीच लामो समयदेखि विवाद रहेको देखाएको बताए । यद्यपि, अनुसन्धान सम्पन्न नभएसम्म घटनाको कारणबारे ठोस निष्कर्ष निकाल्न नसकिने उनको भनाइ छ ।
प्रहरीले घटनामा संलग्न आरोपीको खोजी कार्य तीव्र बनाएको जनाउँदै थप अनुसन्धान जारी रहेको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन